**चौथो नगर सभावाट पारित**

# बार्षिक नगर विकास योजना

**आ.व. २०७७/७८**

८ अषाढ २०७७

सुखीपुर नगरपालिकाको कार्यालय
सुखीपुर, सिरहा

## सुखिपुर नगरपालिकाको आ. व. २०७७/०७८ को वजेट मन्तब्य

**आदरणीय सभा सदस्य ज्यूहरु,**

सर्वप्रथम यस सुखिपुर नगरपालिकाको चौथो नगर सभाको यस पुनित अवसरमा राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिता, राष्ट्रिय स्वाधिनता, पहिचान, पहुँच र प्रतिनिधित्वका लागि भएका बलिदानीपूर्ण आन्दोलनहरुमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, घाइते तथा बेपत्ता पारिएका योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

अहिले हाम्रो देश संघीयता कार्यान्वयन तथा कोभिड १९ वाट सिर्जित संकट व्यवस्थापनको चरणमा रहेको छ । यसैको अभ्यास स्वरुप विगतका स्थानीय निकायहरुलाई अधिकार सम्पन्न स्थानीय तहमा रुपान्तरण गरी निक्षेपति शासन ब्यवस्थाको शुरुवात गरिएको छ । यस सम्भावना र चुनौतीको दोसाँधमा रहेको संक्रमणकालीन घडीमा हामीले एकातिर चुस्त, दुरुस्त, पारदर्शी एवं ठोस प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गरी जनतालाई परिवर्तनको अनुभूति गराउनु जरुरी छ भने अर्कोतिर सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी एवं प्रविधिमैत्री बनाई सिंहदरवार घर-घरमा पुऱ्याउने नेपाल सरकारको नीतिलाई सार्थक तुल्याउनु परेको छ ।यसको लागि हामीले हाम्रो नगरको वर्तमान आवश्यकता, जनचाहना तथा हामीसँग उपलब्ध श्रोत, साधनको आधारमा दीर्घकालीन महत्वका योजना तथा कार्यक्रमहरु तय गर्नु जरुरी रहेको महशुस गरी योजना तथा बजेट तर्जुमा मार्गदर्शन तयार गरेर सोही मार्गदर्शनको परिधीभित्र रही बजेट तथा कार्यक्रम तयार गरिएको कुरा अवगत गराउन चाहन्छु ।

## बजेट छनौटका आधारहरु

- ✓ यस नगरपालिकाले वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहहरुलाई उपलब्ध गराएको वजेट सीमाको परिधीलाई अवलम्वन गरिएको छ ।
- ✓ वजेट तयार गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पञ्चवर्षीय योजना र दिगो विकासका लक्ष्यहरु तथा नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिबासी जनजातिसँग सम्वन्धित अन्तराष्ट्रिय सन्धी सम्झौताहरुमा उल्लेख भएका विषयहरुलाई गम्भीरताका साथ योजनामा समावेश गरिएको छ ।
- ✓ जलवायु अनुकुलन, मानवीय स्वास्थ्य, आर्थिक-सामाजिक विकास, जीविकोपार्जन सुधार, खानेपानी तथा सरसफाई, अपाङ्गमैत्री एवं वालमैत्री स्थानीय शासन, पोषण सुधार, लैंगिक उत्तरदायी वजेट विनियोजन, विपद् व्यवस्थापन, आकस्मिक मर्मत सम्भार जस्ता वहुपक्षीय जिम्मेवारीका विषयवस्तुहरुलाई सम्बोधन गर्ने कार्यक्रमहरुलाई समावेश गरिएको छ ।
- ✓ आयोजना छनौट गर्दा गरिवी न्यूनीकरण, वातावरण संरक्षण, समावेशी विकासमा योगदान पुऱ्याउने रोजगारमुलक, छोटो समयमा सम्पन्न भई अधिकतम् प्रतिफल दिने, कम लगानीवाट वढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा अधिकतम् जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजनाहरुलाई प्राथमिकता दिईएको छ ।

- ✓ बस्ती भेला, टोल भेला, वडा भेला गरी सवै वडाबाट प्राथमिकीकरण गरी पेश गरिएका योजनाहरुको सूचीको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिश भई आएका योजनाहरुलाई नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गरी नगरसभामा अन्तिम टुङ्गो लगाउन पेश गरिएको छ ।
- ✓ नगरपालिका क्षेत्रमा रहेका सरकारी निकाय, स्थानीय गै.स.स.हरु, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी सम्वन्धित सुचनाहरु एकीकृत गरेर सवै पक्षहरुको अपेक्षा र सुझावहरुलाई समेटी योजना तयार गरिएको छ ।
- ✓ पूर्वाधार निर्माणतर्फ अधुरा आयोजनाहरुलाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ ।
- ✓ भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने खालका योजनाहरुलाई प्राथमिकता दिईएको छ ।
- ✓ नगरपालिकाको बजेटबाट मात्र सम्पन्न गर्न नसकिने योजनाहरुलाई उपल्लो निकायहरुबाट बजेट प्राप्त भएमा कार्यान्वयन गर्ने गरी प्राथमिकीकरण सहित सूची तयार गरिएको छ ।
- ✓ हाल विश्वभरि देखिएका महामारीका रुपमा फैलिरहेको कोभिड १९ का कारण परेका असर तथा पर्ने असरहरु प्राथमिकता दिएको छ ।

## आगामी आर्थिक वर्ष २०७७/७८ को अनुमानित आय

- ✓ चालु आर्थिक वर्षको आम्दानीमा  नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ  रु. ११ करोड ९७ लाख  र प्रदेश सरकारबाट रु.१ करोड ५० लाख अनुमान गरिएको छ ।
- ✓ सशर्त अनुदानतर्फ नेपाल सरकारबाट रु. २१ करोड २२ लाख र प्रदेश सरकारबाट रु. १ करोड अनुमान गरिएको छ ।
- ✓ त्यसैगरी राजस्व बांडफांड तर्फ नेपाल सरकारबाट रु. ७ करोड ९८ लाख ६ हजार २ सय ८० रुपैया प्राप्त हुने अनुमान गरिएको छ ।
- ✓ समपुरक अनुदान तर्फ नेपाल सरकार वाट रकम रु  १ करोड ६५ लाख अनुमान गरिएको छ ।
- ✓ नगरपालिकाको आन्तरिक श्रोतवाट रकम रु. २ करोड ५० लाख तथा स्थानीय मालपोतवाट  राजश्व रकम रु ४० लाख अनुमान गरिएको छ ।
- ✓ गत आ.व.मा खर्च नभई आन्तरिक अल्या मूल सञ्चित कोष खातामा बैंक मौज्दातको रुपमा रहने रकम रु. ५ करोड अनुमान गरिएको छ ।
- ✓ सामाजिक सूरक्षा भत्ता तर्फ रकम रु. ११ करोड  अनुमान गरिएको छ ।
- ✓ यसरी हेर्दा आ.व. २०७७/७८ को कूल आय ६४ करोड, २२ लाख ६ हजार  २ सय ८० रुपैया देखिएको छ ।

## आगामी आर्थिक वर्ष २०७७/७८ को अनुमानित ब्यय

- ✓ आगामी आ.व. को लागि चालु खर्च अन्तर्गत कार्यालय संचालन तर्फ रकम रु ११ करोड १ लाख ५० हजार खर्च हुने अनुमान गरिएको छ ।
- ✓ सामाजिक सुरक्षा सशर्त अनुदानतर्फ ११ करोड खर्च हुने अनुमान गरिएको छ ।
- ✓ पूँजीगत खर्च अन्तर्गत विकास योजनाको लागि रकम रु १९ करोड ९८ लाख ५६ हजार २ सय ८० रुपैया व्ययको अनुमान गरिएको छ ।
- ✓ त्यस्तै, सशर्त अनुदान अन्तर्गत रकम रु २२ करोड २२ लाख नेपाल सरकार र प्रदेश सरकारको व्यय हुने अनुमान गरी कूल व्यय ६४ करोड २२ लाख ६ हजार २ सय ८० रुपैया खर्च हुने अनुमान गरिएको छ ।

अन्त्यमा आगामी आ.व. २०७७/७८ को लागि यस नगरपालिकाको बजेट तर्जुमा कार्यमा महत्वपूर्ण सहयोग गर्नु भएकोमा आर्थिक विकास समिति, स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका विषयगत समितिहरु, वडा समितिहरु, नगर कार्यपालिकाका सदस्यहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, नगरपालिका क्षेत्रमा रहेका सरकारी निकाय, स्थानीय गैर सरकारी संस्थाहरु, नागरिक समाज, निजी क्षेत्र तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु एवं नगरपालिकाका सम्पुर्ण कर्मचारी एवं नगर वासीप्रति धन्यवाद ज्ञापन गर्दै यस सम्मानित सभा समक्ष निर्णयार्थ पेश गर्दछु ।

# खण्ड-१

# वार्षिक नगर विकास योजनाको परिचय

### १ वार्षिक नगर विकास योजनाको परिचय

### १.१ नगर परिचय

नेपालको संविधान २०७२ को भाग १७ तथा स्थानिय सरकार सचांलन ऐन २०७४ को परिच्छेद २ बमोजिम यस नगरपालिकाको गठन गरिएको छ । नगरपालकिाको काम र कर्तव्य तथा अधिकारहरु संवधिान तथा ऐनमा भएको व्यवस्था मुताविक अगाडी बढाइएको छ । यस नगरपालिकाको भौगोलिक अवस्थित नामाकरण लगायत दिर्घकालीन सोच लक्ष्य उद्देश्य एवम् कार्यहरु तल उल्लेख गरिएको छ ।

#### १.१.१ भौगोलिक अवस्थिति

१.अवस्थिति : कोअर्डिनेट्सः २६ डिग्री ३९ मिनेट २१ सेकेन्ड नर्थ देखी २६ डिग्री ४४१९ सेकेन्ड उतारी अक्षांसर ८६ डिग्री १७ मिनेट ४५ सेकेन्ड देखी ८६ डिग्री २४ मिनेट २५ सेकेन्ड पूर्वी देशान्तर सम्म फैलिएको छ ।

सिमाना : -
पूर्वः- लाक्ष्मीपुर पतारी गा.पा.
पश्चिम : -अर्नमा गा.पा.

उत्तर : -धनगडीमाई न.पा.
दक्षिण : -औरही गा.पा.

### १.१.२ नगरपालिका गठन हुदां समेटिएका गा.वि.स.हरू निम्नानुसार छन।

सुखीपुर नगरपालिका सहित मोहनपुर कमलपुर, विधानगर, कुशहा लक्ष्मीनिया, कविलासी, सिलोर्वा पछ्वारी र बलही गरी जम्मा ७ वटा गा.वि.स.हरु मिलाइ वनेका छन् ।

### १.१.३ भौगोलिक अवस्थिति

सिरहा जिल्लाको दक्षिणपूर्वी तराई क्षेत्रमा अवस्थित नगरपालिका हो सुखिपुर । सामुद्रिक सतहबाट ११८ मिटर उचाईमा रहेको यो एक मध्य तराई हो । सुखीपुर नगरपालिका सबै वडाहरु तराईमा रहेका छन् । यस नगरपालिकाको सिमाना पूर्वमा लक्ष्मीपुर पतारी गाउँपालिका, पश्चिमा अर्नामा गाउँ पालिका उत्तरमा धनगडीमाई नगरपालिका र दक्षिणमा औरही गाउँपालिका जोडिएको छ । जैविक विविधताले भरिपूर्ण यो नगरपालिका, समुन्द्र सतहबाट न्यूनतम ११८मिटर भन्दा माथि सम्म फैलिएको छ । यस नगरपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ ।

### १.१.४ राजनीतिक अवस्थिति

सुखीपुर नगरपालिकाको स्थापना वि.सं. २०७२।०९।२१गते गरिएको थियो । यस नगरपालिकामा निम्नानुसारका १० वटा वडाहरु कायम भएका छन् ।

**तालिका नं. १**

**वडाहरुको विवरण**

| वडा नं.. | समावेश भएका गाविस | साविक वडा नं. |
|---|---|---|
| १ | मोहनपुर कमलपुर | ५,६,७,८,९ |
| २ | विद्यानगर | १ देखी ९ |
| ३ | कुशहा लक्ष्मीनिया | १ देखी ९ |
| ४ | कविलासी | १ देखी ९ |
| ५ | सिलार्वा पछवारी | १ देखी ७ |
| ६ | सिलोर्वा पछवारी ८,९, सुखीपुर ८,९ | ८,९ र ८,९ |
| ७ | बलही | १ देखी ५,७,८ |
| ८ | सुखीपुर | १ देखी ४ |

| | | |
|---|---|---|
| ९ | मोहनपुर कमलपुर | १ देखी ४ |
| १० | बलही ६,९ र सुखीपुर५,६,७ | ६,९ र ५,६,७ |

### १.१.५ क्षेत्रफल
सुखीपुर नगरपालिका प्रदेश नं. २ अन्तरगत सिरहा जिल्लामा अवस्थित तराईको भौगोलिक तथा सामाजिक विशेषता वोकेको नगरपालिका हो यसको कुल क्षेत्रफल ५४.७८ वर्ग कि.मी. हो ।

### १.१.६ हावपानी तथा जलवायु
सुखीपुर नगरपालिका जिल्लाको करीब दक्षिणी पूर्वी भागमा अवस्थित छ । समुन्द्री सतहवाट ११८ मिटर भन्दा माथि उचाईसम्म फैलिएकोले यहाँको हावापानीमा पनि विविधता छ । पूर्वी दक्षिणी तराई भागमा अवस्थित भएको हुनाले सुखीपुरको हावापानी उष्ण र समशितोष्ण मनसुनी प्रकारको रहेको छ । हिउँदमा अलि जाडो र गर्मी महिनामा अलि बढी नै गर्मी हुनु यहाँको विशेषता हो । यहाँ मार्च (March) देखि अक्टोबर (October) सम्म गर्मी रहन्छ भने नोभेम्बरदेखि फेब्रुअरीसम्म जाडो नै रहन्छ । सबैभन्दा जाडो महिना डिसेम्बर (December) मा रहन्छ भने सबैभन्दा गर्मी महिना मे (May) मा रहन्छ । यहाँको औषत वार्षिक वर्षा ४ मि.लि. र वार्षिक औषत तापकम २७ डिग्री सेल्सियस रहने गरेको छ ।

### १.१.७ साँस्कृतिक उत्कृष्टता
चाडपर्वहरू मानिसको संस्कृतिसँग सम्बन्धित छन् । यिनीहरूको परम्परा निकै लामो हुने गर्दछ । चाडपर्व जाति विशेष र धर्मविशेष पनि हुने गर्दछन् । तसर्थ कुनै पनि जाति र धर्मको परिचय चाडपर्वले नै दिने गर्दछ । जस्तो धार्मिक रूपमा  इद र बकिद इश्लाम धर्म  । यसैगरी दशैं, तिहार, कृष्णअष्टमी, चैतेदशैं, शिवरात्री र फगुपुर्णिमा, छट,सलहेस, रैव पावन आदि हिन्दू धर्मसँग सम्बन्धित छन् ।  विभिन्न धर्मका मानिसले मान्ने चाडपर्व अन्य धर्मका अनुयायीले पनि मान्ने गर्दछन्

### १.१.८ नगरपालिकाको जनसंख्याको विवरण
जनसंख्या राज्यको पहिलो शर्त हो । जनसंख्या विना कुनै पनि राज्यको परिकल्पना हुन सक्तैन । देश विकासको पहिलो आधार र स्रोत जनसंख्या नै हो । मानव विना कुनै पनि नगर तथा नगरको अस्तित्व संभव हुन सक्तैन । राज्य तथा सरकारको महत्वपूर्ण हतियार तथा अधिकारको प्रदायक त्यस क्षेत्रका नागरिक अर्थात जनसंख्या हो । नगरको विकास गर्न जनसहभागिता अति आवश्यक हुन्छ । अर्थात जनसंख्या र विकासको विच अन्योन्याश्रित सम्वन्ध रहेको हुन्छ । नगरको हरेक विकास जनताको लागि हो भने नगरको विकासको श्रोत पनि जनता नै हुन् । सार्वजनिक प्रशासनको मुल आधार पनि जनता नै हुन् । अतः नगर तथा गाउँको विकासका लागि राज्य, सरकार, वा प्रशासन सबैले जनसंख्याको विवरण अद्यावधिक गरिरहनु पर्दछ । शासनको मूल केन्द्रमा नागरिक नै रहेका हुन्छन् । अतः जनसंख्या विवरणले राज्यका क्रियाकलापलाई दिशा निर्देशको आधार उपलव्ध गराउँछ । सुखीपुर गरपालिकामा आफ्नो क्षेत्रभित्र रहेका बासिन्दाको विवरण तयार गरि विकासका क्रियाकलापलाई सहज बनाउनको जनसंख्याको तथ्याङ्क अद्यावधिक गर्ने क्रममा यस क्षेत्रभित्र रहेका नगरवासिको तथ्याङ्क तलको तालिकामा देखाईएको छ । २०७५को घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकामा ८५८७ वटा घरधुरी रहेका छन् जसमा यस नगरपालिकाको कुल जनसंख्या ३७३९२ रहेको छ । जसमा पुरुष जनसंख्या २०१६७ रहेको छ, भने महिला जनसंख्या१७२२५ रहेका छ ।

**तालिका नं. २**

**नगरपालिकाको जनसंख्या विवरण**

| वडा | घरधुरी | जनसंख्या |
|---|---|---|

| | | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| **१** | ७६१ | ३१७१ | १७१४ | १४५७ |
| **२** | ९६५ | ४०२३ | २३२९ | १६९४ |
| **३** | ८९५ | ३७०० | १९६८ | १७३२ |
| **४** | ८०७ | ३९८५ | २१७८ | १८०७ |
| **५** | ११३४ | ४५७५ | २४४८ | २१३० |
| **६** | ७६१ | ३३०० | १७८९ | १५११ |
| **७** | ७२६ | ३३२२ | १७७६ | १५४६ |
| **८** | १११८ | ५३६० | २८१७ | २५४३ |
| **९** | ५२५ | २१०० | १०९९ | १००१ |
| **१०** | ८९५ | ३८५३ | २०४९ | १८०४ |

**श्रोत : घरधुरी सर्वेक्षण, २०७५**

## उमेरका आधारमा जनसंख्याको विवरण

सुखीपुर नगरपालिकाको कूल जनसंख्यालाई उमेरगत आधारमा हेर्दा यस नगरपालिकामा १९ वर्ष भन्दा कम उमेर समुहको जनसंख्या जसलाई आश्रित जनसंख्याको रुपमा लिइन्छ, १४३५८ जना रहेका छन् भने वृद्धा तथा आश्रित जनसंख्याको रुपमा मानिने ६० वर्षदेखि माथिको जनसंख्या २३०७ जना रहेका छन् । यसरी कुल आश्रित जनसंख्या ३६९३ जना रहेको छ । यसको तुलनामा युवा तथा सक्रिय जनसंख्या १६८२५ जना रहेका छन् । यस आधारमा सक्रिय जनसंख्याकको तुलनामा आश्रित जनसंख्या को अनुपात धेरै रहेको देखिन्छ ।

**तालिका नं. ३**

**उमेरका आधारमा जनसंख्या विवरण**

| वडा | उमेरका आधारमा जनसंख्याको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | ५ वर्ष भन्दा मुनी | ६ वर्ष देखि १४ वर्ष सम्म | १५ वर्ष देखि १८ वर्ष सम्म | १९वर्ष देखि ५९ वर्ष सम्म | ६० वर्ष भन्दा माथि | जम्मा |
| **१** | २९७ | ५०३ | २६९ | १७५१ | ३२५ | **३१४५** |
| **२** | ५६४ | ७०४ | २९३ | २०८० | ३८२ | **४०२३** |
| **३** | ४७८ | ७२४ | २७८ | १८१७ | ४०३ | **३७००** |
| **४** | ५०७ | ७४१ | २८२ | २०५२ | ४०३ | **३९८५** |
| **५** | ६७३ | ८६५ | ३२४ | २३१५ | ४०१ | **४५७८** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **६** | ४२८ | ६१० | २६२ | १६५५ | ३४५ | **३३००** |
| **७** | ३८६ | ५९३ | २८० | १७५६ | ३०७ | **३३२२** |
| **८** | ६८० | ९४८ | ४५१ | २७८१ | ५०० | **५३६०** |
| **९** | २२८ | ३५० | १४३ | ११५० | २२९ | **२१००** |
| **१०** | ४७३ | ६७६ | ३२२ | १९८४ | ३९० | **३८४५** |
| **कुल जम्मा** | ४७१४ | ६७१४ | २९०४ | १९३४१ | ३६८५ | **३७३५८** |

**श्रोत : घरधुरी सर्वेक्षण, २०७५**

## २.० जातीयताको आधारमा जनसंख्या

नेपाल अनेक जातजातिले भरिपूर्ण सुन्दर अनुपम राष्ट्र हो । यहाँ हिमाल देखि तराई सम्म अनेक विशेषताले भरिएका जातजाति देख्न सकिन्छ । विश्वमै अत्यन्तै सानो राष्ट्रको सुचिमा समाबेश भएता पनि जातजातिको हिसाबमा अत्यन्तै सम्पन्न रहेको छ । जातीय विविधताका कारणलेनै यहाँ कला तथा संस्कृतिमा अनुपम विविधता छ । नेपालको यो पहिचान  विश्वसमुनै परिचय दिन सफल विषय हो । १२५ जातजाती तथा १२३ भाषाभाषि रहेको नेपाल साच्चिकै विविध जातजातीको बगैंचा हो । नेपालको यही गरिमालाई जोगाउँदै सुखीपुर गरपालिका पनि विविध जानजातीहरुको संगम स्थलको रुपमा रहेको छ । यहाँ तलको तालिका अनुसार प्रायः सबै वडामा हिन्दुकै जनसंख्या रहेको पाइन्छ । यस सम्वन्धि पुरा विवरण तल प्रस्तुत गरिएको छ ।

| वडा नं. | जातजाति घरपरिवार विवरण | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहाडी क्षेत्री, ब्राहमन | तराई क्षेत्री, ब्राहमन | पहाडी आदिवासी, जनजाती | तराई आदिवासी, जनजाती | पहाडी दलित | तराई दलित | मुस्लिम | पहाडी अन्य | तराई अन्य | |
| १ | ० | १ | ० | ११४ | ० | १५१ | ० | ५७ | ४३८ | ७६१ |
| २ | ० | ० | ० | ३२ | ० | ७० | १२३ | २० | ७२० | ९६५ |
| ३ | १ | ० | ० | ७५ | ० | २४३ | ४० | ८४ | ४५२ | ८९५ |
| ४ | ० | ५ | ० | ५४ | २ | १४१ | ० | ३८ | ५६७ | ८०७ |
| ५ | ० | ० | ० | ३४ | ० | २०२ | १०५ | १५४ | ६३९ | ११३४ |
| ६ | ० | २ | ० | १९ | २ | २०८ | १ | ९३ | ४३६ | ७६१ |
| ७ | ० | ३ | ० | ३२ | ० | १५५ | ३ | १०४ | ४२९ | ७२६ |
| ८ | ० | ४ | २ | ३२५ | ३ | २०४ | ४० | ५२ | ४८८ | १११८ |
| ९ | ० | ० | ० | ८१ | ० | ९९ | ३२ | २४ | २८९ | ५२५ |
| १० | ० | १ | ० | ५६ | १ | ९३ | ० | १०८ | ६३६ | ८९५ |

श्रोत : घरधुरी सर्वेक्षण, २०७५

## २.१.१ मातृभाषाको आधारमा घरधुरीको विवरण

भाषा कुनै पनि विचार तथा सन्देश अभिव्यक्तिको माध्यम हो। साथै भाषा कुनै पनि स्थानको मौलिक पहिचान तथा राष्ट्रिय संस्कृतिको अभिन्न अंग हो । नेपाल अनेक भाषाभाषीहरुको सगांम स्थल हो । यो एक सानो मुलुक भएर पनि भाषाभाषिको हिसाबमा निकै धनि छ । यहाँ १२३ थरी भाषाभाषी रहेका छन् । त्यस्तै यस नगरपालिकामा पनि विभिन्न जाति अनुसार विभिन्न प्रकारका भाषाहरु बोल्न प्रयोग गरिएको पाईन्छ जसमा पनि विशेष गरेर मैथली भाषाको प्रयोग भएको पाइयो ।

**तालिका नं. ५**

**मातृभाषाको आधारमा घरधुरी विवरण**

| वडा | भाषाको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मैथली | नेपाली | थारु | भोजपुरी | हिन्दी | उर्दु | अवधी | अन्य |
| १ | २९५० | १ | २१९ | १ | ० | ० | ० | ० |
| २ | ३९९० | २७ | १ | २ | ३ | ० | ० | ० |
| ३ | ३६२७ | १४ | ० | २ | २ | ५५ | ० | ० |
| ४ | ३८६५ | ११० | ० | २ | ८ | ० | ० | ० |
| ५ | ४५१३ | १६ | ० | ० | २ | ४५ | ० | १ |
| ६ | ३२६० | ३६ | ० | ० | ३ | ० | १ | ० |
| ७ | ३२७९ | ७ | २८ | १ | ७ | ० | ० | ० |
| ८ | ४७१४ | १७ | ६१९ | ३ | ७ | ० | ० | ० |
| ९ | २०३८ | ५ | ४४ | ० | १ | १२ | ० | ० |
| १० | ३८४७ | ४ | १ | ० | १ | ० | ० | ० |

श्रोत : घरधुरी सर्वेक्षण, २०७५

## २.१.२ धर्मको आधारमा घरधुरीको विवरण

सुखीपुर नगरपालिकामा विभिन्न प्रकारका जातजाति रहेका जसअनुसार हिन्दु धर्म मुख्य धर्म रहेता पनि इस्लाम धर्म मान्नेको घरधुरी पनि धेरे नै रहेका छन । तलको तालिकामा घरधुरी अनुसारको धर्मको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**धर्मको आधारमा घरधुरी विवरण**

| वडा | धर्मको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | हिन्दु | ईश्लाम | वौध | इसाई | किरात | अन्य |
| १ | ३१६९ | ० | १ | ० | १ | ० |
| २ | ३६४५ | ३७२ | ६ | ० | ० | ० |
| ३ | ३५१३ | १७८ | ८ | ० | १ | ० |
| ४ | ३९७० | ० | ६ | ० | ० | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५** | ३९९९ | ५७० | ९ | ० | ० | ० |
| **६** | ३२९१ | ४ | ५ | ० | ० | ० |
| **७** | ३२९० | ३० | २ | ० | ० | ० |
| **८** | ५१२६ | २२३ | ९ | २ | ० | ० |
| **९** | १९९४ | १०३ | २ | ० | १ | ० |
| **१०** | ३८४९ | ० | ३ | १ | ० | ० |

## २.२ दीर्घकालीन सोच लक्ष्य उद्देश्य

### २.२.१ दीर्घकालीन सोच (Vision);

पर्यावरण संरक्षण गरी कृषि, पर्यटन र शिक्षा तथा सामाजिक विकास एवं मानव विकास तथा भौतीक पुर्वाधार विकासमामा लगानी उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण गर्नु यसको दीर्घकालीन सोच हुनेछ ।

### २.२.२ उद्देश्यहरु (Goals)

संविधान तथा ऐन एवं नियमावलीको व्यवस्था बमोजिम नगरपालिकाको काम तथा कर्तव्यलाई देहाय अनुसार उल्लेख गरिएको छ।

- नेपालको संबिधान २०७२ को अनुसुची ८ का एकल अधिकारको सुची तथा अनुसुची ९ बमोजिमको संयुक्त अधिकारको सुची बमोजिमका कार्यहरु।
- विकेन्द्रीकरणको माध्यम द्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रकालाभहरुको उपभोग गर्न सक्ने व्यवस्था गर्ने
- आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवसी, दलित, मुसलिम, र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने
- योजनाहरुको तर्जुमा र सञ्चालन गर्न आवशयक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरि जवाफदेही बहन गर्न सक्ने स्थानीय निकायहरुको संस्थागत विकास गर्ने ।
- स्थानीय नेतृत्वको विकास गरि जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरुमा निर्णय गर्न सक्ने गरि स्थानीय स्वायत्त शासन पद्धतिको विकास गर्ने ।

**स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ मा उल्लेख भए अनुसार नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम रहेका छन् ।**

नगरपालिकाको काम, कर्तव्य र अधिकार : (१) नगरपालिकाको एकल अधिकार संविधानको अनुसूचि- ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

**क. नगर प्रहरी**

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्वन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुर्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्ने :-

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानि स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानिय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) नगर सरसफई सम्मबन्धी मापदण्डको कार्यान्वयन,

(च) न्ययिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यापालिकाले तोकेको अन्य कार्य ।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

**ग. एफ. एम. सञ्चालन**

(१) एक सय वाट सम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ. एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) संघीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहान कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर(मालपोत), मनोरञ्जन कर सम्बनधी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२)स्थानीय पूवाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, रयाफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानिय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एंव खनीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड  र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कुनून, मापदण्ड र नियमन,

(१२) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

**ङ. स्थानिय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृति विकास,

(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापन सुचना संचार तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृति विकास,

(७) स्थानीय सेवाको व्यास्थापन सम्वन्धी अन्य कार्य ।

**च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन**

(१) स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानुन,मापदण्ड, योजना, कार्यन्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्ककलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीय विकास आयोजना तथा परियोजना**

(१)  विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यन्वयन, अनुगमन, मूल्याङ्कन र नियगमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा,कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधिनमा रही शहरी विकास, बस्ती र भवन सम्वन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदन्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यन्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानुन बमोजिम घवर्गको इजाजतपत्रको जारी, नवीकरण तथाखारेजी,

(११) पर्यटन क्षेत्रको विकास,विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा  नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्वन्धी आयोजनाहरुको पचिान, कार्यन्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना  परियोजना सम्वन्धी अन्य कार्य ।

**ज.आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक वाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक  शिक्षा, अनौपचारीक शिक्षा,  खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्वन्धी नीति, कानुन। मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगम, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा  वन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन ।

(६) गाँउ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको  नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्सामग्रीहरुको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायीक ाक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) तहको तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको सम्न्वय र नियमन,

(२१) सामुदायीक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाई, शिक्षकर कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्वन्धी नीति, कानु, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्ययन तथा नियमन,

(२) आधारधभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण  सेवाको सञ्चालन र प्रवर्द्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रणरनियमन,

(६)सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रवाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गौरसरकारी क्षेत्रसँय समन्वय,   सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविकविविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वियन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरुको उत्पादन, आपुर्ति तथा निकासी प्रक्षेपण, मुल्य निर्धारण र अनुगमन,

(४)  स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापार मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पतिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यन्वयन, अनुगमन र नियमन,

(१३) स्थानीय स्तरमावातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय     प्रदूषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीय स्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१८) स्थानीयस्तरमा हरीत क्षेत्रको संरक्षण र प्रवद्धन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्वन्धी अन्य कार्य ।

**ट. स्थानीय सडक, ग्रमीण सडक, कृषि सडक र सिँचाइ**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यन्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाई प्रणलीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्वन्धी अन्य कार्य ।

**ठ. नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्था ।**

(१) गाउँसभा वा नगर सभा सम्वन्धी नीति, कानुन र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरुको गठन र सञ्चालन,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिवाट सभामा प्रस्तुत प्रतिवेदनमाथी छलफल तथा सो सम्वन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुसासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालीका तथा नगरपालीकालाई आर्थीक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलमिलाप र मध्यस्थता

(९) गाँउ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्वन्धी अन्य कार्य ।

**ड) स्थानिय अभिलेख व्यवस्थापन**

(१) स्थानीय अभिलेख व्यवस्थापन नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमनन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थीक, सामाजीक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्य समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्ति र राष्ट्रिय तथा स्थानीय सूचना प्रणलमि आवद्धता र पाशर्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको पववरण र त्यसको योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय उभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा विवरण**

(१) स्थानीय जग्गाको नाप नक्सा, बित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिका वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरण तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सुम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्वन्धी सम्वन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन**

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**थ. बेरोजगारको तथ्याङ्क सङ्कलन**

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सुचना प्रणलीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवसथापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सुचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवसथापन,

(५) रोजगार सूचना केन्द्रको व्यवसथापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारमि जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालमिको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीवाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) वेरोजगारको तथ्याङ्क सङ्कलन सम्वन्धी अन्य कार्य ।

**द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

(१) कृषि प्रसार सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरको षमता अधिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तिीकरण,

(४) कृषि विउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्वन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्वन्धी अन्य कार्य ।

**ध. खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा**

(१) स्थानीय खानेपानी सम्बनधी नीति, कानून, मापदण्ड, योजना, कार्यान्यिवन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सममको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानयि तहमा वैकल्पिक ऊर्जा सम्बनधी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानयि तहमा वैकल्पिक ऊर्जा र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविधुत आयोजना तथा वैकल्पिक उर्जा सम्वन्धी अन्य कार्य ।

**न. विपद् व्यवस्थापन**

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वियन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणली, खोज तथा द्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था निजी क्षेत्रसँग सहगोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवसथापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनकिरण सम्वनधी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निमाण,

(९) स्थानीयस्तरको विपद् सम्वन्धी तप्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारति विपद् व्यवस्थापन सम्वन्धी कायृक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्वनधी अन्य कार्य ।

**प. जलाधार, वनयजन्तु, खानी तथा खनीज पदार्थको संरक्षण**

(१)जलाधार, वन्यजन्तु, खानी तथा खनजि पदार्थको संरक्षण सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यानययन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामूदायिक भू-संरक्षण र सो मा आधारीत आय आर्जन कार्यक्रम,

(४) मू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामूदायिक अनुकूलन,

(५) खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथयाङ्क संङ्कलन,

(६) खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,

(७) दुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवकिरण, खारेजी र व्यवस्थापन

(८) भौगर्भिक नक्सा प्रकाशन ।

**फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्वन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्वन्धी अन्य कार्य ।

(३) नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भए बमोजमि हुनेछ।

(४) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाँउपालीका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

**क. खेलकुद र पत्रपत्रिका**

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पुर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवर्द्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अधिलेख तथा नियमन ।

**ख. स्वास्थ्य**

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बनधी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य सँस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भन्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सुचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिावृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आनम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महानमारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६)रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

**ग. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरु**

(१) विद्युत वितरण प्रणली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणलीको सञ्चालन तथा मर्मतसम्भार, सेवाशुल्क निर्धारण र सङ्कलन सम्वन्धी व्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सो सम्वन्धी रोयल्टी सङ्कलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,
(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

**ङ) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यन्यवयन, अनुगमन र नियमन,
(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मीक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थान,
(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,
(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा बृक्षारोपण व्यवस्थापन,
(५) स्थानीयस्तरमा नदीकिनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
(६) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन,
(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,
(८) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,
(९) नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,
(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,
(११) मानव ताथ वन्यजन्तु बचिको द्वन्दको व्यवस्थापन,
(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र संचालन,
(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, टटवर्ती क्षेत्रका जग्गा सम्वन्धी लगत,
(१७) मितहा प्रजातिको नियन्त्रण,
(१८) स्थानीय स्तरको जोखिम न्यूनीकरण,
(१९) जैविक विविधताको अभिलेखाङ्कन,
(२०) स्थानीय स्तरमा हरीयाली प्रवर्द्धन,
(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वियन र अनुगमन,
(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(२४) स्थानीयस्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा वातावरणमैत्री विकास अबलम्वन,
(२५) स्थानीयस्तरमा न्युन कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

**च. सामाजिक सुरक्षा र गरिबी निवारण**

(१) सामाजिक सुरक्षा र गरिबी निवारण सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड , नियमन र अध्ययन अनुसन्धान,
(२) लक्षित समूह सम्वन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,
(३) सामाजिक सुरक्षको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
(४) सामाजिक सुरक्षा सम्वन्धी स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन,
(५) गरिव घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सुचना व्यवस्थापन र नियमन,
(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क**

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तितग घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

**ज. स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संङ्ग्रालय संरक्षण, सम्वर्द्धन र पुनः निर्माण ।**

**झ. सुकुम्वासी व्यवस्थापन**

(१) सुकुमवासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्थापन

**ञ. प्राकृतिक श्रोतवाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक श्रोतवाट प्राप्त हुने रोयल्टी सम्बनधी नीति, कानुन, मापदण्ड तथा नियमन

(२) स्थानिय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारजी, सेवाको गुणस्तर, भाडा दर निरर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवद्धन ।

(४) उपदफा (१) र (२) मा उल्लेखित अधिकारका अतिरिक्त नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजमि हुनेछ :

**क. भूमि व्यवस्थापन**

(१) संघिय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय स्तरको भू उपयोगिता नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन

(२) संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन

(३) स्थानीय स्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन ।

**ख. सञ्चार सेवा**

(१) संघीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन

(२) स्थानीय क्षेत्रमा सुचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने ,

**ग. यातायात सेवा**

(१)स्थानीय वस, ट्रली बस, ट्रामा जस्ता मध्यम क्षमताको मास ट्रञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शशहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

६. सघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ ।

७. नगरपालिकाले उपदफा (१), (३), (४) र (५) बमोजिमको काम कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

८. स्थानिय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृत लिई विदेशका कुनै स्थानीय सरकारसंग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।

**२.३ प्रमुख कार्यहरु**

१) नगर सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गनु, गराउनुको अतिरिक्त नगरपालिकाले नगरपालिका क्षेत्रमा अनिवार्य रुपमा गर्नुपर्ने अन्यकाम र कर्तव्य देहायवमोजिम हुनेछ ।

**क) अर्थ सम्बन्धी**

१) नगरपालिकाको वार्षिक बजेट, योजना र कार्यक्रमहरु तयार गरि नगर सभामा पेस गर्ने ।

२) आय र व्ययको लेखा र तत्सम्बन्धी अन्य कागजातहरु अद्यावधिक रुपमा राख्ने ।

३) स्वीकृत बजेटको परिधिभित्र रहि नगरपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्ने । ।

४) नगर परिषद्ले स्वीकृत गरेको कर, दुस्तर, शुल्क आदि उठाउने ।

**ख) भौतिक विकास सम्बन्धी**

१) नगरपालिका क्षेत्रको भू-उपयोग नक्सा बनाई औद्योगिक आवसीय कृषि मनोरञ्जन स्थल आदि क्षेत्र तोक्ने र कार्यान्वयन गर्ने गराउने ।

२) नगरपालिका क्षेत्रमा आवास योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

३) नगरपालिका क्षेत्रमा खानेपानी र ढल निकाससम्बन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको सञ्चालन र मर्मत सम्भार गर्ने गराउने ।

४) नगरपालिका क्षेत्रभित्रका विभिन्न ठाउँहरुमा हरियो क्षेत्र, उद्यान र मनोरञ्जन स्थलहरुको विकास गर्ने, गराउने ।

५) नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने, गराउने ।

६) नगरपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदिको नक्सा पास गर्ने, गराउने ।

७) सामुदायिक भवन तथा विश्राम गृह बनाउने ।

**ग) जलस्रोत, वातावरण र सरसफाईसम्बन्धी**

१) नगरपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ र ढुङ्गेधारा आदिको संरक्षण गरि सदुपयोग गर्ने, गराउने ।

२) नगरपालिका क्षेत्रमा सिँचाई योजना लागु गर्नुपर्ने भएमा त्यसको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

३) नगरपालिका क्षेत्रमा सम्भावित नदी, कटान बाढी तथ भू-क्षय आदिको नियन्त्रण र रोकथाम गर्ने गराउने ।

४)नगरपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरि वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने ।

५) नगरपालिका क्षेत्रभित्रका वन, वनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने, गराउने ।

६) नगरपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम सञ्चालन गर्ने गराउने ।

७) फोहोर मैला सङ्कलन,ढुवानी तथा तह लगाउने सम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

८) नगरपालिका क्षेत्रभित्र विद्युत उत्पादन तथा वितरण गर्ने, गराउने ।

**घ) शिक्षा तथा खेलकुद विकाससम्बन्धी**

१) आफ्नो स्रोतबाट नगरपालिका क्षेत्रमा पूर्व-प्राथमिक विद्यालयहरु स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिने ।

२) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने र त्यस्ता विद्यालयहरुको स्थापना र खारेजीको सिफारिस गर्ने ।

३) नगरपालिका क्षेत्रभित्र मातृभाषमा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

४) आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनवातिहरुका छात्र-छात्राहरुलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

५) नगरपालिका स्तरीय प्रोढ शिक्षा तथा अनौपचारिक शिक्ष सम्बन्धी कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने, गराउने ।

६) नगरपालिका स्तरीय पुस्तकालय तथा वाचनालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।

७) खेलकुद विकास कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने, गराउने ।

८) नगरपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुदको विकास गर्ने, गराउने ।

**ङ) संस्कृति सम्बन्धी**

१) नगरपालिका क्षेत्रभित्रका संस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरि तिनीहरुको मर्मत सम्भार गरि संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

२) नगरपालिका क्षेत्रभित्रका पुरातात्विक वस्तु, भाष, धर्म, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवम् प्रायोग गर्ने, गराउने ।

**च) निर्माण तथा यातायत सम्बन्धी**

१) नगरपालिका क्षेत्रभित्र नेपाल सरकारको जिम्मामा रहेको सडक बाहेक आवश्यक पर्ने कच्ची, पक्की सडक, पुल कलभर्टहरुको योजना बनाई निर्माण तथा मर्मत सम्भार गर्ने, गराउने ।

२) नगरपालिका क्षेत्रभित्र बसपार्क, रिक्सा, टाँगा र ट्रक आदिको पार्किङ्ग व्यवस्था गर्ने, गराउने ।

३) नगरपालिकाको यातायात आवश्यकतालाई विचार गरि ठेला, रिक्सा टाँगा आदिको अधिकतमहद् तोक्ने र तिनीहरुलाई दर्ता गरि नम्बर दिने ।

**छ) स्वास्थ्य सेवा सम्बन्धी**

१) नगर स्तरीय अस्पताल, अयुर्वेदिक औषधालय र स्वास्थ्य केन्द्रहरुको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

२) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य चौकि तथा उप- स्वास्थ्य चौकिहरु खोल्ने, सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

३) परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसङ्ख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

४) महामारी तथा सङ्क्रात्मक रोगको रोकथामको व्यवस्था गर्ने, गराउने ।

५) नगरपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चीजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने वा हटाउने

६) जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उवभोगमा रोक लगाउने ।

**ज) समाज कल्याण सम्बन्धी**

१) बेवारिस मृतक व्यक्तिको दाह संस्कारको व्यवस्था गर्ने, टुहुरा, असहाय तथा अनाथहरुको लागि अनाथलयको व्यवस्था गर्ने, गराउने ।

२) महिला तथा बालवालिकाको हित र कल्याण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा अनैतिक पेसा व्यापार नियन्त्रण सम्बन्धी कार्य गर्ने गराउने ।

**झ) उद्योग तथा पर्यटन सम्बन्धी**

१) नगरपालिका क्षेत्रमा घरेलु, साना तथा मझौला उद्योगको प्रवद्धनमा उत्प्रेरकको काम गनेए, गराउने ।

२) नगरपालिका क्षेत्रभित्रको प्राकृतिक, सांङ्स्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन, विस्तार र सदुपयोग गर्ने, गराउने ।

**ञ) विविध**

१) नगरपालिका क्षेत्रको सडकको दायाँ बायाँ र अन्य आवश्यक ठाउँमा वृक्षरोपण गर्ने ।

२) कान्जी हाउस, पुशवधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने ।

३) नगरपालिका क्षेत्रको ऐलानी तथा सरकारी पुर्ति जग्गाहरुको संरक्षण गर्ने ।

४) मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने ।

५) व्यापार तथा वाणिज्यको विकासको लागि काम गर्ने ।

६) नगरपालिकाको विनियम तर्जुमा गरि नगर सभामा पेस गर्ने ।

७) दैवीप्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने ।

८) नगरपालिका क्षेत्रभित्रको जनसङ्ख्या तथा घर जग्गाको लगत राख्ने ।

९) प्रचलित कानुन वमोजिम जन्म, मृत्यु तथा अन्य व्याक्तिगत घटना दर्ता गर्ने ।

१०)नगरपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालवालिकहरुको लगत राख्ने र तिनीहरुलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।

११) बहुला तथा छाडा कुकुर मारी सार्जजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपङ्क्षी गाड्ने ठाउँ तोक्ने ।

१२) खतरा उत्पन्न गर्ने रुख काट्न लगाउँने, घर पर्खाल आदि भत्काउन लगाउँने ।

१३) नगरपालिका क्षेत्रको घरको ब्लक नम्बर अद्यावधिक राख्ने ।

१४) पशु बधशालाको प्रबन्ध गर्ने ।

१५) छाडा पशु पक्राउ गरि लिलाम गर्ने ।

१६) गल्ली, चौक तथा सडकमा बत्तीको व्यवस्था गर्ने ।
१७) नगरपालिका क्षेत्रमा सिनेमा हल खोल्न स्वीकृति दिने ।
१८) हाट, वजार मेला आदिको प्रवन्ध गर्ने, गराउने ।
१९) बारुण यन्त्रको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।
२०) कुनै विशिष्ट व्यक्तिको नगरको सम्मानर्थ विशिष्ट व्यक्तिको रुपमा सम्मान प्रदान गर्ने ।
२१) नगरपालिका क्षेत्रको विकास सम्बन्धी अन्य कामहरु गर्ने, गराउने ।
२२) सहकारिताको विकासको लागि सहयोग पुऱ्याउने ।
२३) सचिवको कार्यको मूल्याङ्कन गरि सिफारिस सहित अख्तियारवाल समक्ष पठाउने ।
२४)नगरपालिकालाई आय-आर्जन हुने सहकारी, औद्योगिक तथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने, गराउने ।
२५) सहकारितामा आधारित विविध कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गर्ने, गराउने ।
२६) प्रचलित कानुन वमोजिम तोकिएका अन्य कामहरु गर्ने ।

**२) नगरपालिकाले उपदफा १) वमोजिमका काम, कर्तव्यको अतिरिक्त नगरपालिका क्षेत्रमा देहायवमोजिमका ऐच्छिक कामहरु समेत गर्न सक्नेछ ।**

क) नगरपालिका क्षेत्रभित्र स्तरयुक्त विद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।
ख) नगरपालिका क्षेत्रबाट निरक्षरता निर्मूल पार्न साक्षरता कार्यक्रमहरु सञ्चालन गर्ने ।
ग) नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा पुस्तकालय तथा वाचनालयहरु स्थापना गरि सञ्चालन गर्ने
घ) नगरपालिका क्षेत्रभित्र अव्यवस्थित बसोवास नियन्त्रण गर्ने ।
ङ) निर्देशित जग्गा विकास, भू-उपयोग जस्ता कार्यहरुको माध्यमबाट नगरको बनावट तथा विकासलाई व्यवस्थित तुल्याउने ।
च) वृद्ध तथा अनाथ आश्रमहरुको व्यवस्था गर्ने ।
छ) विद्युत आपूर्ति र सञ्चार सुविधाको व्यवस्था मिलाउने ।
ज) नगरपालिकामा मनोरञ्जन स्थल, त्रिडास्थल, सङ्ग्रंहालय चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउने ।
झ) बेरोजगारी कम गर्न बेरोगारहरुको तथ्याङ्क सङ्कलन गरि रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
ञ) नदी प्रदुषण नियन्त्रण गर्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
ट) नगरपालिका क्षेत्रमा एम्बुलेन्स सेवा उपलब्ध गराउने ।
ठ) नगरपालिका क्षेत्रमा सव वाहनको व्यवस्था मिलाउने ।
ड) दैवीप्रकोपबाट हुने धनजनको क्षती कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरु गर्ने ।

## सुखीपुर नगरपालिकाको आ.ब .२०७७/७८ को लागी चौथो नगरसभा मा पेश भएको

## निति तथा कार्यक्रमः०७७/७८

# पूर्वाधार एवम शहरी विकास सम्बन्धि नीतिः

१. *"सुखी नागरिक हाम्रो पहिचान सुखी नगर सुखीपुरको अभियान*भन्ने मूल नाराको साथ आ.व. २०७७/०७८ मा प्रत्येक वडामा गरिब, विप्पन, दलित समुदायका लागी व्यपार, कृषि, लघु उधामी सम्बन्धी , घरेलु उत्पादन गर्ने तालिम संचालन गर्ने र नगरपालिकाको केन्द्र र वडाको केन्द्र जोडने , कम्तीमा दुई वटा वडा जोडने मुल सडक स्तर उन्नती गर्ने तथा वतावरण मैत्री सडक निर्माण गर्न डि.पी.आर. तयार गरी गराई  आ.व. २०७७/७८ वाट निर्माण कार्यको थालनी गर्ने व्यवस्था मिलाइने छ ।

२. सुखीपुर नगरपालिकाले सुखिपुर नगरपालिकाको भवन तथा योजना मापदण्ड निर्देशिका २०७५ आ.व. २०७७/०७८ देखी नै घर नक्शा अनुमति कार्यको प्रभावकारी कार्यन्वयन गरी व्यवस्थित शहर निर्माणको साथै घरको सम्पन्नता प्रमाणपत्र दिनु अगावै सम्वन्धी घर धनीवाट घरको अगाडी वा खाली भागमा कम्तीमा २ दुईवटा विरूवा रोप्न लगाउने कार्यको थालनी गरिने छ ।

३. सडक उज्यालो हुने गरी सडकको छेउमा घर वनाउने घरधनीले सम्पन्ता प्रमाणपत्र लिनु अगावै घरमा सोलरवती जडान गरी वतीको व्यवस्था गरिएको भएमा त्यस्ता घरधनीलाई सोलरवती जडान वापत खर्चको ३० प्रतिशत अनुदान उपलव्ध गराइने छ ।

४. नगर भित्र रहेको ढल निकास सम्बन्धि समस्यालाई समाधान गरी ढल निकासको निर्माण कार्यको लागी चालु आवमा नै  सम्भाव्यता अध्ययन तथा DetailDrawing design तयार गरी आगामी आ.व. २०७७/०७८ देखी निर्माण कार्यको थालनी गरीने छ ।

५. नगरपालिका क्षेत्रको व्यवस्थित, दिर्घकालिन एवं वातावरणमैत्री दीगो विकासका लागि भू-उपयोग गुरू योजना तर्जुमा गरी आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवम हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि एवम सुरक्षित क्षेत्रको पहिचान गरी  व्यवस्थित नगर निमार्ण गर्ने नीति अबलम्बन गरीने छ ।

६. यस नगरपालिकाको मुल तथा सहायक सडकहरूमा नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय सरकारले तोकेको मापदण्ड बमोजिम सडकमा हुने व्यापार व्यवसाय र सडक अतिक्रमणलाई अन्त्य गर्ने नीति कडाईका साथ कार्यान्वयन गरीने छ । नगर क्षेत्रका सडक पेटीमा निमार्ण सामाग्री राख्ने र छाडा चौपाया छोड्ने व्यक्तिहरूलाई कानूनी कारबाहीको दायरामा ल्याउने नीति अबलम्बन गरीने छ ।

७. नगरपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थलमै होडिडबोर्ड राख्ने नीतिलाई अझ प्रभावकारी ढंगबाट कार्यान्वयन गरीने छ ।

८. सार्वजनिक नीजि साझेदारीमा सवै वडामा कम्तीमा एउटा सार्वजनिक शौचालयहरूको निमार्ण गर्दै लैजाने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।

९. नगरपालिकाको केन्द्रीय कार्यालय व्यवस्थित ढंगले सञ्चालन गर्न जग्गा प्राप्तिको प्रक्रियालाई तदारूकताका साथ अगाडि बढाईने छ । जग्गा प्राप्तिको प्रक्रिया पुरा भए पश्चात भौतिक पूर्वाधार तयार गरी संघीय सरकारबाट भवन निर्माण अनुदान प्राप्त भए संगै सुखीपुर नगरपालिकाको केन्द्रिय भवन तथा आफ्नै वडा कार्यालय नभएका वडा कार्यालयको आफ्नै छुटै भवन निर्माण गरीने छ । यी सबै कार्यालयहरू यस कार्यकाल भित्र सम्पन्न गरी सकिने छ ।

१०. कालोपत्रे सडक,पी.सी.सी. ढलान ,नाला,सिचाई ,कृषि विधुतीकरण जस्ता ठोस योजना ल्याई त्यस प्रकृतीका सवै भन्दा वढी योजना संचालन गरी उत्कृष्ठ कार्य भएको वडामावडा कार्यालय र सम्वन्धित उपभोक्ता समितिलाई सम्मान सहित विशेष पुरूस्कार प्रदान गरिने छ ।

११. नगरपालिकाका अचल सम्पतीहरूको लगत संकलन गरी स्वामित्वमा आउन नसकेका त्यस प्रकृतीका अचल सम्पतीहरूलाई आ.व. २०७७/०७८ भित्रै आफनो स्वामित्वमा ल्याई सक्ने गरी आवश्यक व्यवस्था मिलाइने छ ।

१२. योजना/आयोजना तथा निर्माण कार्य गर्दा कुनै पनि उपभोक्ता समितिलाई अग्रिम पेश्की दिइने छैन ।

१३. नगरपालिका क्षेत्रभित्रको फोहोरलाई उचित व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइडको पहिचान गरी अगामी आवमा नै सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिने व्यवस्था मिलाइने छ ।

१४. प्रत्येक सडकका लागि विनियोजित रकमको ५(पाच) प्रतिशतरकम कट्टा गरि मर्मत सम्भार कोषमा जम्मा गरिनेछ सो रकमबाट साझेदारीमा मर्मत संभार कार्य सङ्चालन गरिनेछ र अपाङ्ग मैत्री संरचनामा जोड दिइनेछ ।

१५. नगरपालिकालाई आवश्यक पर्ने सुविधा सम्पन्न वसपार्कका लागि उपयूक्त क्षेत्रको पहिचान गरी लागत साझेदारीमा निर्माणको लागि आवश्यक पहल गरिने छ ।

१६. नगरपालिकामा चक्रपथको अवधारणालाई अगाडि वढाउन सडक डिभिजन कार्यालयसंग सहकार्य गरिने छ ।

१७. नगरपालिकाको भू-उपयोग नीति तथा योजना तयार गरी कार्यान्वयन शुरु गर्न सिफारिस गरियो ।

१८. समूदायको अग्रसरतामा बस्ती विकासलाई प्रोत्साहित गरिनेछ । समूदायको अग्रसरतामा व्यवस्थित बस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्न सिफारिस गरियो ।

१९. ब्यवस्थित वस्ती बिकासलाई प्रोत्साहन गर्न सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ । भूकम्प तथा अन्य विपत्तिहरु समेतवाट सूरक्षित हुने गरी बस्ती बिकास गर्न पहल गर्न सिफारिस गरियो ।

२०. बिभिन्न आयोजनाहरुको बृस्तित परियोजना प्रतिवेदन चालु आर्थिक बर्ष भित्र तयार पारिने छ र श्रोत साधनको व्यवस्था मिलाई आगामी बर्थिक बर्ष भित्र कार्यन्वयनमा ल्याइने छ ।

२१ चालु आर्थिक बर्ष २०७७।०७८ भित्र नगर विकासको लागी आवधिक योजना निर्माण गरी कार्यन्वयनमा ल्याइने छ ।

२२ सरसफाई रणनिती निर्माण गरी पुर्ण सरसफाई कार्यक्रम सञ्चालन गरिने छ ।

२३ नगरपालिकाको परिचय झल्कने भिडीयो डकुमेन्ट्री निर्माण गरी यु ट्युव ,फेस बुक जस्ता सामाजिक मिडीयाहरुको माध्यमबाट नगरपालिकाको विभिन्न वैभवहरुलाई विश्वमान चित्रमा प्रचार प्रशारमा ल्याइने छ ।

## शिक्षा तथा खेलकुद सम्बन्धि नीति:

१. विद्यार्थी भर्ना अभियान संचालन तथा वालवालिकालाई विद्यालय नपठाउने व्यक्तिहरूलाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारीसहरू) बाट बन्चित गर्ने नीति कडाईका साथ कार्यान्वयन गरीने छ ।

२. सार्वजनिक विद्यालयहरूको स्तरबृद्धि गर्नका लागि पहिलो चरणमा नमूनाका रूपमा कम्तीमा दुई वटा सरकारी विद्यालयमा आधारभुत तह देखी अग्रेजी माध्यमबाट पठन पाठन गर्ने व्यवस्था मिलाईने छ । आ.ब. २०७७/०७८ भित्र नगरलाई पूर्ण साक्षर नगर बनाउनका लागी तथ्याङ्क सकंलन गर्ने र आ.ब. २०७८/०७९ भित्र पूर्ण साक्षर नगर बनाउनका लागी नीति अवलम्वन गरीने छ । साथै शिक्षण सिकाईको नवीन पद्दती अगिंकार गर्ने नीति अवलम्वन गरीने छ ।

३. दलित वालवालिकालाई दिईने भत्ता लिन आउदा निजका अविभावकहरूले विद्यालय जाने उमेर भएका आफ्ना अघिल्ला सन्तानहरू पठनपाठन गरीरहेको सिफारीस विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय जाने उमेर नभएका तर पूर्व प्राथमिक विद्यालयमा भर्ना हुने योग्यता पुगेका वालवालिकाहरू पायक पर्ने वालविकास केन्द्रमा भर्ना भएको हुनु पर्ने छ ।

४. सामुदायिक तथा संस्थागत विद्यालयहरू वीच अनुभव आदान प्रदान र अन्तरक्रियाका माध्यमबाट शिक्षण सिकाईको अनुभवन आदान प्रदान गर्ने नीति अवलम्वन गरीने छ । साथै शिक्षा विदको अगुवाईमा चालु आव देखी नै विधार्थीहरूको गुणस्तरीय शिक्षाको जाँच गर्ने पद्धती अवलम्वन गरिने छ । वर्षभरीमा नै औसत दरमा सवै भन्दा वढी शिक्षक र विधार्थी विधालयमा उपस्थित हुने विधालयलाई विशेष पुरूस्कारको व्यवस्था मिलाइने छ ।

५. नगर भित्र रहेको सामूदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा बार्षिक रूपमा हाजिरी जवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरीने छ ।

६. ***शिक्षा सहितको संस्कार, सिप सहितको व्यवहार*** भन्ने नारा स्थापित गरी संस्थागत र सामुदायिक विद्यालयहरू संचालन हुने अबस्थाको सिर्जना गर्ने नीति अवलम्वन गरीने छ ।

७. नगरक्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षक, विद्यार्थी समेतलाई आधार बनाएर नगर शिक्षा प्रोफाईल बनाउने कार्यको थालनी गरीने छ ।

८. खेलकुदको विकास गर्न सुखीपुर नगरपालिका क्षेत्र भित्र खेलकुद मैदानको लागी उपयुक्त जग्गाको व्यवस्था मिलाइने छ ।

९. नगर स्तरीय खेलकुद प्रतियोगिता गरिने व्यवस्था मिलाइने छ ।

## स्वास्थ्य तथा सरसफाई सम्बन्धि नीति:

१. नगरपालिका क्षेत्रभित्रको फोहोरलाई उचित व्यवस्थापनको लागी ल्याण्डफिल्ड साइडको व्यवस्था चालु आव नै मिलाइने छ साथै वजारको नियमित सरसफाई गरी फोहोरलाई उचित व्यवस्थापन गर्न आवश्यक जनशक्तीको व्यवस्था मिलाइने छ ।

२. स्वास्थ्य चौकी सुखीपुरलाई १५ शैयाको अस्पतालको रूपमा विकास गर्न चालु आव मा पनि आवश्यक कार्यको निरन्तरता दिइने छ ।

३. चालू आ.व. भित्र यो नगरलाई पुर्ण सरसफाइ युक्त नगर, पूर्ण खोप सुनिश्चित नगर बनाउने साथै बालमैत्री, वातावरण मैत्री, लैगिक मैत्री, अपांग मैत्री बनाउदै मानव बसोवासका लागि हुनु पर्ने न्यूनतम मापदण्ड भएको नगर निमार्ण गर्ने अभियानलाई प्रथमिकताका साथ अगाडि बढाउने नीति अबलम्बन गरीने छ । साथै कालो प्लास्टिक झोला मुक्त नगर निमार्ण गरीने छ ।

४. नगरपालिकाले पहिचान गरेका सार्वजनिक जग्गाहरूमा बृक्षारोपण गर्दै लगिने छ साथै पहिचान भएका सार्वजनिक जग्गाहरूमा वातारण मैत्री र दीगो विकासलाई आत्मसाथ गरी आवश्यक कार्यको थालनी गर्ने नीति अबलम्बन गरीने छ ।

५. नगरपालिकाले आवश्यकताको आधारमा लामखुटे नियन्त्रण तथा कोभिड १९ माहामारी नियन्त्रणको लागि औषधि छर्कने प्रवन्ध मिलाईने छ ।

६. यस नगरक्षेत्र भित्र स्वेच्छिक रूपमा ब्लड डोनेसन गर्ने/गराउने व्यक्ती,संघ, संस्थाहरूको नाम र नम्वर नगरले आफ्नो प्रोफाईलमा सहित राखी प्रकाशित गरिने व्यवस्था मिलाइने छ । नगरपालिकाको अगुवामा समय समयमा ब्लड डोनेशन गर्ने कार्यलाई अभियानको रूपमा थालनी गरिने छ ।

७. जनस्वास्थ्य प्रवर्द्धन शाखाको सिफारीसमा सम्भाव्य स्वास्थ्य प्रकोपको क्षेत्र र रोग पहिचान गरी न्यूनीकरणका लागी विशेषज्ञ सहितको शिविर संचालन गर्ने नीति अबलम्बन गरीनेछ ।

८. गाउघर क्लीनीक र खोप क्लीनिकलाई अझ व्यवस्थित तवरवाट संचालन गरिने व्यवस्था मिलाईने छ ।

९. कोभिड १९ माहामारी लगायत संक्रामक रोग नियन्त्रण गर्न विशेष व्यवस्थापन गरिने छ ।

### कृषि विकास नीति

१. निर्वाहमुखी खेती प्रणालीलाई बिस्थापित गरिब्यवसायिक कृषि प्रणालीतर्फ उन्मूख गर्ने नीति लिइनेछ ।

२. सुखीपुर नगरपालिकामा “कृषि र पर्या-पर्यटन, हाम्रो अभियान” को अवधारणा लिई सोही अनुसारका योजना कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

३ यस नगरपालिकाको कृषि सम्भावित क्षेत्रहरुको पहिचान गरी आधुनिक तथा व्यवसायिक कृषि व्यवसाय, एक वडा एक उत्पादनको अभियान, कृषि उपजको सन्तुलित वजारीकरण आदि कार्यलाई तिव्रताका साथ अगाडि वढाईने छ ।

४ यस नगरपालिकामा कृषिजन्य उत्पादनहरुलाई गुणस्तरीय तथा व्यवस्थित गराउन माटो परिक्षण तथा उपचार, आई पि एम पाठशाला सञ्चालन, जैविक (गोठे) मल तथा जैविक विषादी, सिंचाई, पोखरी निर्माण, कृषि बीमा र कृषि जन्य उत्पादनको वजारीकरण तथा प्रवर्द्धनमा विशेष जोड दिईने छ ।

५. यस नगरपालिका क्षेत्र भित्र उन्नत बीउ बिजन उत्पादन तर्फ कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

६. बीउ बिजन उत्पादनमा आत्म निर्भर बनाई निर्यात तर्फ प्रोत्साहित गरिनेछ । सोको लागि थ्रेसिङ्ग फ्लोर, प्रोसेसिङ्ग प्लान्ट स्थापना, गोदाम घर निर्माण कार्यका लागि बीउ पूँजी कोष स्थापनाको लागि प्रोत्साहित गरिनेछ ।

७. यस नगरपालिका क्षेत्र भित्र कृषिका अधिकतम् गतिविधि(क्रियाकलाप)हरुलाई समूह सहकारी मार्फत कार्य गर्न जोड दिइनेछ ।

८. माछा पालन मार्फत कृषकहरुको रोजगारी श्रृजना गरी आयस्तरमा बृद्धि गरिने नीति अवलम्बन गरिनेछ ।

९. कृषिमा समय सापेक्ष परिवर्तन ल्याउन र कृषकहरुको जीवनस्तरमा सुधार ल्याउन साथै नयाँ प्रविधिहरुको प्रयोग गर्नका लागि कृषकहरुको माग अनुसारको तालिममा जोड दिईनेछ ।

१०. हाल कृषिमा बिद्यमान श्रमिक समस्यालाई दृष्टिगत् गरी कृषिमा आधुनिकीकरणका लागि कृषि सडक निर्माण सहित यान्त्रिकरणमा बिशेष जोड दिईनेछ । सोको लागि अनुदानको नीति अवलम्बन गरिनेछ ।

११. कृषि सहकारीतालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादन र उत्पादकत्व वृद्धिको आधार बनाइनेछ ।

१२. माछाको खरिद बिक्रि सहकारी मार्फत गर्न प्रोत्साहित गरिनेछ ।

१३. खेर गई रहेका जग्गाहरुलाई पुर्न प्रयोगमा आउने गरी जग्गा पुनरोत्थान गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. यस नगरपालिकालाई हरियाली नगरपालिकाको रुपमा बनाउन बृक्षारोपन कार्यलाई जोड दिईनेछ ।

१५. नगरक्षेत्रमा रहेका सहकारी संस्थाहरुलाई ब्यवस्थित विकासको लागि साझेदारीको अवधारणा अनुरुप सहकारी बिकासका पहलहरु थालनी गरिनेछ ।

१६. सहकारीको विकासका लागि पब्लिक प्राईभेट पार्टनरशिप (PPP) को नीति अवलम्बन गरिनेछ ।

## सहकारी , गरीबी न्युनिकरण तथा उद्यम शिलता बिकास

१. नगरक्षेत्रमा रहेका सहकारी संस्थाहरुलाई ब्यवस्थित विकासको लागि साझेदारीको अवधारणा अनुरुप सहकारी बिकासका पहलहरु थालनी गरिनेछ ।

२. नगरवासी नागरिकहरुको जिविकोपार्जन सुधारका लागि सवै वडाहरुमा लघु, घरेलु, साना, मझौला उद्यम/उद्योगहरुको स्थापना र सञ्चालनको लागि विशेष पहल गरिने छ ।

३. नगरक्षेत्रमा रहेका कृषि तथा वन क्षेत्रवाट उत्पादन हुने उपजहरुमा आधारित लघु , घरेलु तथा साना उद्यमको स्थापना गराई स्वरोजगारी, आय आर्जन कार्यक्रमहरुको लागि वजेट विनियोजन तथा कार्यान्वयन गरिने छ ।

४. गरिबीको रेखामुनि रहेका परिवारहरुको अत्यधिक वसोवास भएका वस्तीहरुमा लघु तथा घरेलु उद्यमको माध्यमबाट अति विपन्न, गरिव, महिला, दलित तथा आदिवासी जनजातीहरुको आर्थिक तथा सामाजिक विकासको माध्यमबाट गरिवी न्यूनीकरणमा जोड दिन लघु उद्यम विकास कार्यक्रम (MEDEP) मोडेलको अवलम्वन तथा कार्यान्वयनको लागि सम्वन्धित निकायहरुसंग सहकार्यमा जोड दिईने छ ।

५. उद्यमशिलताको विकाससंगै लघु तथा साना उद्यमलाई विकास र प्रवर्द्धन गरी गरिवी न्यूनिकरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्न नगर उद्यम विकास रणनैतिक योजनालाई कार्यान्वयनमा ल्याई आवश्यक श्रोतको व्यवस्था गर्दै लघु उद्यम विकास कोषलाई नगरमा ज्ञबकपभत ँगलम को रुपमा विकास गरी सञ्चालन गरिने छ ।

६. एक वस्तु एक नगर कार्यक्रम सञ्चालन रही स्थानीय आर्थिक विकासमाटेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७. गरिबी निवारण कोष द्वारा प्रवर्धित सामुदायिक संस्थाहरुको घुम्तीकोष परिचालन एवं व्यवस्थापन कार्य नगरपालिकावाट गरिनेछ ।

## भूःउपयोग ¸शहरी बिकास तथा ब्यवस्थित वस्ती बिकास

१. नगरपालिकाको भू-उपयोग नीति तथा योजना तयार गरी कार्यान्वयन शुरु गरिने छ।

२. शहरी विकास मन्त्रालयसंग समन्वय गरी व्यवस्थित बसोबासको लागि मापदण्ड बनाई land pooling कार्यक्रम सञ्चालन गरिने छ ।

३. समूदायको अग्रसरतामा बस्ती विकासलाई प्रोत्साहित गरिनेछ । समूदायको अग्रसरतामा व्यवस्थित बस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।

४. ब्यवस्थित वस्ती बिकासलाई प्रोत्साहन गर्न सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ । भूकम्प तथा अन्य विपत्तिहरु समेतवाट सूरक्षित हुने गरी बस्ती बिकास गर्न पहल गरिने छ ।

५. सुखिपुर नगरपालिकाको भवन तथा योजना मापदण्ड निर्देशिका २०७५लाई कडाइका साथ कार्यान्वयनमा ल्याईनेछ ।नगरपालिकाले नगरक्षेत्रमा घर निर्माणमा संलग्न डकर्मि, मिस्त्री आदिलाई भवन संहिता र भवन निर्माण सम्बन्धी तालीम दिइ अव नगरमा बन्ने जुनसुकै घरहरु तालीम प्राप्त जनशक्ति ले मात्र बनाउन पाउने व्यवस्था शुरु गरिनेछ ।

## लक्षित वर्ग तथा समावेशीकरण

१. विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गै.स.स समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ । सहभागिताको माध्यमबाट ग्रामिण गरिबी न्यूनिकरण एवम् सामाजिक पुँजी निर्माणमा जोड दिइनेछ ।

२. नेपाल सरकारको लैंगिक तथा सामाजिक समावेशीकरण नीति, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ तथा अन्य विभिन्न दस्तावेजहरुको अनुसरण गर्दै लक्षित वर्ग कार्यक्रम अन्तरगत वालवालिका, महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका, जेष्ठ नागरिक, लोपोन्मूख र आर्थिक रुपमा पछि परेका वर्गहरुको उत्थान र विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

३. नगरपालिकाका सवै वडाहरुमा वाल मैत्री स्थानीय शासनको अवधारणा लागु गरी वाल मैत्री नगरपालिकाको रुपमा स्थापना गर्न पहल गरिनेछ।

४. बालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडी बढाइनेछ। जेष्ठ नागरिकको सम्मान कार्यक्रम आयोजना गरिनेछ।

५. सामुदायिक विद्यालयमा पानी सहितको महिला र पुरुषका लागि अलग अलग शौचालय ब्यवस्थापन गर्न नियमन तथा सहयोग गरिनेछ।

६. अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा स्वाभिमान र आत्मनिर्भर वनाउनका लागि सीपमूलक तालिम प्रदान गर्ने, रोजगारीमा समान अवसर तथा सेवा सुविधाहरुमा पहुँच बढाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

७. जेष्ठ नागरिक, एकल महिला, अशक्त अपांगहरुलाई प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध हुने सुनिश्चितता प्रदान गरिनेछ। ज्येष्ठ नागरिकका लागि सहयोग एवम् सम्मान पुग्ने खालका क्रियाकलापहरु संचालन गरिनेछ।

## कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धि नीति:

१. सेवाग्राहीहरूलाई  नगरपालिका वा वडा कार्यालयहरूवाट सेवा प्रवाह गर्दा मुस्कान सहितको सेवा प्रवाह गर्न र जनमुखी लगायत प्रभावकारी सेवा प्रवाहको लागी नगरपालिकामा कार्यरत जनशक्ति तथा पदाधिारीहरूको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाईने छ ।

२. कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गर्ने नीति अबलम्बन गरीने छ । प्रचलित कानुन बमोजिम कार्य सम्पादनमा आधारीत कर्मचारी बढुवा प्रक्रियालाई कर्मचारी प्रशासनको मूल नीति बनाईने छ ।

३. पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

४. नगरका हरेक गतिविधिलाई सार्वजनिक गरी जनमुखी, पारदर्शी, सेवाग्राही मैत्री बनाउदै जनताको मन, मुटु र मस्तिष्कमा बस्न सक्ने स्थानीय सरकार बनाउने नीति कार्यान्वयमा ल्याईने छ । प्रविधिमैत्री नगर निर्माण गर्ने अभियान संचालन गर्नका लागि नमुनाको रूपमा चालू आ.व.मा नगरपालिकाका हरेक वडामा डिजिटल सूचना पाटी निमार्ण र संचालन गरीने छ ।

५. थोरै जनशक्तीवाट नगरपालिकाको कार्य सम्पादन गर्नु गराउनुपरेको र विहान वेलुका समेत कार्यालयको कार्यमा खटिनुपर्ने वाध्यता रहेको कारण कर्मचारीहरूको मनोवल वढाउनुपर्ने अवस्था रहेको हुँदा कार्य सम्पादनको आधारमा आवश्यक थप सुविधाको व्यवस्था मिलाइने छ । खाईपाई आएको अतिरिक्त सुबिधालाई सुरू तलव मानको तिस प्रतिशत पुर्याइने छ । तथा खाजा खर्च वापत प्रती महिना प्रती कर्मचारी एक हजार पांच सय प्रदान गरिने छ ।

६. सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभ ग्राहीको नाम हालसम्म नगदै वितरण भई रहेको अवस्थाको अन्त्य गर्न हरेक लाभग्राहीको वैक खाता खोल्न लगाई बैंक मार्फत मात्र वितरण

गर्ने र ७० वर्ष नाघेका वृद्धहरूको घरैमा भता पुरयाउने आवश्यक व्यवस्था मिलाइने छ । सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहिहरूको नाम चालु आव भित्रै मा नै अनलाइन इन्ट्री गरिसक्ने र सामाजिक सुरक्षा भता नगदी को रूपमा वितरण नगरी वैंक मार्फत मात्र वितरण गरिने व्यवस्था मिलाइने छ ।

७. नगर प्रहरीको सेवा लाई प्रभावकारी वनाउन अन्य सरकारी सुरक्षा निकाय संगको साझेदारीमा चौविसै घण्टा सेवाको व्यवस्था मिलाईने छ ।

## आर्थिक विकास सम्बन्धि नीति:

१. करका दरहरू उपर्युक्त विन्दुमा कायम गरी करका क्षेत्रलाई फाराकिलो पार्दै आन्तरीक श्रोतलाई बढाउने नीति अबलम्बन गरीने छ । जसका लागि नगर भित्र करका दायरामा नसमेटिका क्षेत्रहरूलाई दायरामा ल्याउन र कर प्रणलीलाई चुस्त, दुरूस्त, छरितो, व्यवस्थित, स्वचालित र वैज्ञानिक बनाउन तत्काल विशेषज्ञ सहितको टोलीवाट राजस्व सम्भाव्यता अध्ययन गराई चालु आव भित्रै आवश्यक सुझाव संकलन गरिने व्यवस्था मिलाइने छ ।

२. सुखीपुर नगरपालिकाको सवै वडाहरूमा ONE WARD ONE PRODUCT (OWOP) कार्यक्रम संचालन गरीने छ । व्यवसायिक आर्गेनिक खेती गर्ने कृषकहरूलाई नगरपालिकाले तालिम दिने, बिउ बिजन उपलब्ध गराउने साथै प्राविधिक परामर्शका लागि सहयोगी भूमिका निर्वाह गर्नुका साथै बजार व्यवस्थापनमा लागि पहल गर्ने छ ।

३. किसानहरूको लागि विउ, बिजन, मलखाद एबम अन्य कृषि सामाग्रीहरू समय मा नै उपलब्ध हुने वातारावण मिलाई पशु वीमा र बाली विविधिकरण कार्यक्रम समेत संचालन गर्न आबश्यक पहल कदमी चालिने छ ।

४. नगर क्षेत्रका खेतियोग्य जमिनमा सहज सिचाई सुविधा पुऱ्याउनका लागि नहर, पैनी र कुलोहरूको दिगो संरक्षण, व्यवस्थापन तथा विकास गरीने छ । भूमिगत सिचाई, डिप बोरीङ, सतह सिचाई प्रविधिहरूको विकास गर्ने नीति अबलम्बन गरीने छ ।

५. सहकारी सम्बन्धि ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ भने हाल सहकारीलाई करको दायरा भित्र ल्याउन पहल गरीने छ ।

# सामाजिक विकास सम्बन्धि नीति

१. लैंगीक हिंसा न्यूनीकरणका निमित्त कार्यक्रम संचालन गरीने छ भने बाल बिवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुरीतिहरू अन्त्य गर्नका लागि पहल गरीने छ ।

२. विपन्न , दलित तथा एकल महिलाहरूको लागी आयमूलक र स्वरोजगारमुलक कार्यक्रम संचालन गरिने छ । निजहरूको आर्थिक सामाजिक जीवनलाई सहज बनाउनका लागि विशेष कार्यक्रम समेत संचालन गरीने छ ।

३. महिला स्वास्थ्य स्वयमसेवीकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरीनेछ

४. यस नगर भित्र निर्माण हुने जुनसुकै प्रकृतिका सार्वजनिक संरचना अपांगमैत्री बनाईने छ ।

५. यस नगरक्षेत्र भित्र छुवाछूत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरू तय गरी लागू गरीनेछ ।

६. आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरीनेछ ।

७. यस नगरलाई बालमैत्री नगरको रूपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरीने छ ।

८. बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धति अम्वलम्वन गर्ने सम्बन्धित विद्यालयहरूलाई सहयोग गर्ने नीति अवलम्बन गरीएको छ ।

९. मधेशी, मूस्लीम तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समूदायको हक हितको संरक्षण, सर्म्बघन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्म लाई प्रवद्धन गर्ने नीति अवलम्बन गरीनेछ ।

१०. टोल विकास संस्थाको दर्ता, सञ्चालन र नविकरण प्रकृर्या एवम् काम, कर्तव्य र अधिकार सहित खुलेको विधानको नमुना र कार्यविधि नगरपालिकाले तयार गरी नगर कार्यपालिकाद्धारा स्वीकृत गराई लागु गरीनेछ । यस्तो टोल विकास संस्थाको गठन वडाको अनिवार्य उपस्थितिमा र दर्ता वडाको सिफारीसमा हुनेछ । वडा वाट उत्कृष्ट छनौट भएका टोल विकास संस्थालाई नगर कार्यपालिकाले उत्कृष्ट १ टोल विकास संस्था छनौट गरी पुरस्कृत गर्ने नीति अबलम्बन गरीने छ ।

## विपद् व्यवस्थापन

१. विपद् पूर्व तयारी योजना आवस्यक्ता अनुसार परिममार्जन गरीने छ । नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न नगर स्तरीय विपद व्यवस्थापन समिति⁄ वडा स्तरीय विपद् व्यवस्थापन समितिखडा गरी पुर्वाधार तयार गरिने नीति अवलम्वन गरिने छ ।

२. आगलागि नियन्त्रणका लागि स्थानीय समूदायलाई चेतना अभिवृद्धि गराईने छ ।

३. यस नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवम् नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने⁄बनाउन अनुमति दिईनेछ ।

४. विपद् प्रतिकार्य योजनाकार्यन्वयनको लागि नेपाल प्रहरी, सशत्र प्रहरी समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरूको निर्माण गरीने छ ।

## वातावरण सम्बन्धि नीति

१. यस नगरलाई वातावरण मैत्री नगर निर्माणका लागि आवश्यक कृर्याकलापहरू संचालन गरीने छ ।

२. वातावरण मैत्री घरलाई वातावरण मैत्री घरको रूपमा वडा कार्यालयहरू मार्फत स्टीकर प्रदान गरीने छ । क्रमश घर, टोल, समुदाय, विद्यालय, सार्वजनिक कार्यालय, सार्वजनिक संस्था र वडालाई वातावरण मैत्री घोषणा गर्ने तर्फ सामुदायिक संघ संस्था, टोला विकास संस्था संगको सहकार्यमा अभियानको रूपमा कार्य अगाडि बडाईने छ ।

३. एक घर दुई विरूवाको नीति अवलम्बन गरीने छ । जसका लागि नयां बन्ने घरको इजाजत दिदां उल्लेखित कुरा खुलाई अनुमति दिईनेछ भने सम्पन्नता प्रमाणपत्र दिदां दुई बिरूवा आगन⁄करेसावारी वा गमलामा रोपेको फोटो समेत पेश गर्ने अनिवार्य व्यवस्था गरिने छ ।

४. पानिका मुहान, स्रोतलाई संरक्षण गरीनेछ ।

५. जलवायु अनुकुलन खेती प्रणालीको विकासका लागि प्राविधिक सहयोग र सहजिकरण गरीने छ ।

७. धार्मिक अनुष्ठान गर्दा गराउंदा ध्वनी प्रदुषण नहुने प्रबन्ध गर्न सम्बन्धित पक्षलाई सचेत गराईने छ ।

८. निर्माण सामाग्रि जस्तै गिट्टि, बालुवा, रड आदि सार्वजनिक आवागमन हुने सडकमा नराख्ने प्रबन्ध गर्ने नीति अंगिकार गरीने छ ।

९. कृषिबालिमा किटनाषक औषधिको प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्दै जैविक किटनाशक प्रविधिको विकासका लागि विशेष पहल गरीने छ ।

१०. नीजि वन लगाउनका निमित्त प्रोत्साहन गरीने छ ।

११. प्रांगारीक कृषि प्रणालीलाई प्रबन्ध गर्ने नीति अवलम्बन गरीने छ ।

१२. नगरको हरीयाली प्रवर्द्धन गर्दै सडक किनारामा रूख, खेतिमा रूख, घर आगमा रूख भन्ने मूल नारालाई अभियानको रूपमा संचालन गरी सुखीपुर नगरपालिकालाई हरियाली नगरपालिकाको रूपमा विकास गर्नुका साथै व्यवसायीक पशुपालन गरी डाले घास लगाउने कृषकहरूलाई सम्मान गर्ने दिने नीति अबलम्बन गरीने छ ।

## सुशासन सम्वन्धि नीतिहरू

१। सुशासनका आधारभूतपक्षहरू, उतरदायित्व, जवाफदेहिता, पारदर्शीता जनसहभागितालाई प्रबर्धन गर्दै सेवाग्राहीलाई सुशासनको अनुभूति दिइनेछ।

२। प्रत्येक वडामा गुनासोपेटिकाको व्यवस्था गरिनेछ।

३। नगरपालिकाको सेवाप्रवाह तथा कामकारवाहीको सम्बन्धमा नियमित रूपमा नगरपालिका र वडास्तरीय रुपमा सर्वजानिक सुनुवाइको नीति अबलम्बन गरिनेछ ।

४। कार्यसम्पादनको आधारमा कर्मचारीलाई पुरस्कृत गरिनेछ।

५। दैनिकी प्रशासनलाई छिटोछरितो बनाउन विधुतीय प्रणाली लागु गर्दै लगिनेछ ।

६ हरेक बिषय समिति जस्तै सावर्जनिक सेवा तथा क्षमता विकाश समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, विधान समिति, आर्थिक विकास समिति, वाताबरण व्यबस्थापन समिति तथा नगरपालिकासँग सम्बन्धित अन्यस मितिलाई सक्रिय गर्दै लगिनेछ ।

७ जनताको काम छिटोछरितो हुनुपर्ने नीति ल्याइनेछ ।

८ नगरस्तरीय अनुगमन समितिको गठन गरि विकास निर्माण, सेवा प्रवाह लगायतका कामहरूको निरन्तर अनुगमन गरिनेछ ।

९ स्थनीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था कर्मचारी कल्याण कोष/अवकास कोष को व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ।

१० वजार अनुगमन,गुणस्तर नापतौल,खाधसुरक्षा,उपभोगताहित संरक्षण जस्ता विषयहरुलाई प्राथमिकता दिंदै आवश्यक कदम अगाडी बढाउदै लगिनेछ।

११ कर्मचारी र जनप्रतिनिधिलाई क्षमता विकासका लागि आवश्यक्ता अनूसार तालिम र अध्ययन□अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१२. समय सापेक्ष रुपमा बढ्दो मंहगीलाई समेत ध्यानमा राखि कर्मचारीहरुको तलव र सूविधामा सूधार गर्दै लगिनेछ ।

१३. विकास कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न योजना तथा कार्यक्रमहरु संचालनको सिलसिलामा देखा पर्ने समस्याहरुलाई तत्काल र दीगो रुपमा समाधान गर्ने नीति अवलम्वन गरिनेछ ।

१४. आम जनतामा सुचनाको हकको सुनिस्चित गरिनेछ ।

१५. **नगरपालिकालाई नशामुक्त घोषणा** गर्नका लागि आवश्यक नीति तथा कानुन र कार्यक्रमको व्यवस्था हूनेछ ।

## विविध:

१. नगरवासीका गुनासाहरू नगर प्रमुख संगै भन्ने सिद्धान्तलाई अबलम्बन गरीने छ । जसका लागि हरेक महिनाको १ दिन  वडालाई समय र मिति निर्धारण गरी नगर प्रमुख,उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत वडा कार्यालयमा गएर बस्ने र जनताका समस्या र गुनासहरू सुन्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।

२. नगरको सुरक्षा र हाटबजार व्यवस्थापनका लागि नगर प्रहरीको व्यवस्थापन गर्ने नीति अबलम्बन गरीने छ । नगरको सुरक्षार्थ वजार एरियामा सीसी क्यामरा जडानको लागी सम्वन्धित सरोकारवालासग सहकार्य गरि साझेदारीमा चालु आव नै आवश्यक कार्यको थालनी गरिने छ ।

३. नगर क्षेत्रमा कृयाशिल गैह सरकारी संस्थाहरूले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरू संचालन गर्दा नेपाल सरकारको घोषित नीति बमोजिम नगरपालिका बाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याईने छ । उल्लेखित संस्थाहरूले संचालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रूपमा संचालन गराउने नीति अबलम्बन गरीने छ ।

४. नगरपालिका क्षेत्रभित्रको सुखीपुर वजारमा एउटा आधुनिक पुस्ताकलको व्यवस्था मिलाइने छ

५. सुखीपुर नगरपालिकावाट जनतालाई उपलव्ध गराइने सेवा सुविधा सहितको विस्तृत विवरण समावेश भएको डिजिटल नागरिक वडा पत्र राख्नुका साथै सेवा ग्राही सन्तुष्टी फाराम तयार गरी कार्यान्व्यिन गरिने छ ।

६. अपराधमुक्त,शान्त,द्वन्द्धरहित टोल,समुदाय निर्माण गर्न चालु आव भित्रै हरेक वडाहरूमा मध्यस्थकर्ता समुह गठन गरी कार्यान्वयनमा ल्याइने छ । साथै सुरक्षा निकाय तथा सुरक्षाकर्मीसँगको समन्व्य र सहकार्यमा नगर सुरक्षा योजना तयार गरी कार्यान्व्यिनमा ल्याइने छ ।

७. नगरपालिकालाई नगरपालिका गठन हुनु पुर्व देखी नै तिर्न बुझाउन बाँकी रहेको वक्यौता रकम २०७७ साल चैत्र मसान्तसम्म आफु स्वयं नगरपालिकामा आई सम्पुर्ण रकम बुझाएमा ५ प्रतिशत छुट दिइने छ । उक्त समयसीमा भित्रै नबुझाए प्रचलित कानुन वमोजिम जरिवाना सहित कडाईका साथ असुल उपर गरिनुका साथै कालो सुचीमा नाम प्रकाशन गरि नगरपालिकाको सेवा सुविधावाट वञ्चित गरिने छ साथै वैरूजु फछ्यौंटलाई उच्च प्राथमिकता दिदैं असुल उपर गर्नुपर्ने पेश्की तथा अन्य रकम समेत चालु आवसम्म असुल उपर गरि सक्ने गरी आवश्यक व्यवस्था मिलाइने छ ।

**राजश्व निती**

१ नगरपालिका लाई क्रमश आन्तरिक आयमा आत्मनिर्भर तुल्याउने

२ सम्पतीकर तथा भुमीकर आगामी आर्थिक बर्ष २०७७।७८ बाटलागुगरिनेछ।

३ नगरवासीहरुलाइ कर सम्बन्धी जानकारी प्रदान गर्न कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

४ राजश्व प्रशासनलाइ चुस्तदुरु स्ततथाकर संकलन लाइ सुचना प्रबिधीमैत्री  तुल्याइने ।

५ राजश्व सुधार कार्ययोजना निर्माण गरी लागु गरिनेछ ।

आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक २०७७ र आ.व. २०७७/७८ मा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त चालु खर्च र पुँजीगत खर्चको रकम सञ्चित कोषबाट खर्च गर्न बनेको विनियोजन विधेयक २०७७ लाई स्वीकृतीका लागि पेश भएकोमा यस चौथो नगर सभाबाट स्वीकृत गर्ने सर्वसम्मती बाट निर्णय गरियो । साथै समुदाय स्तर, वडा समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति हुदै नगर कार्यपालिकावाट छनौट र प्राथमिकीकरण भई पेश भएको आ.व. २०७७/७८ मा नगरपालिकावाट संचालन हुने र नगरपालिका मार्फत अन्य निकाय (प्रदेश सरकार र संघिय सरकार ) मा पेश गर्नुपर्ने गरी प्राप्त भएको योजनाहरु समेत सर्वसम्मतीवाट स्वीकृत गरियो ।

# सुखीपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# सुखीपुर, सिरहा
# आर्थिक ऐन, २०७७

**नगर सभाबाट स्वीकृत मितिः – २०७७/०३/०८**

**क) आर्थिक विधेयक २०७७**

## सुखीपुर नगरपालिका को आर्थिक ऐन, २०७७

**सुखीपुरनगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः–**सुखीपुरनगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सुखीपुरनगरपालिकाको चौथो नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः–** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि सुखीपुर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकीकृत सम्पति करः–**नगरपालिकाका क्षेत्रभित्र अनुसूचिमा उल्लेख भए वमोजिमएकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः–**नगरपालिका क्षेत्रभित्र अनुसूचिमा उल्लेख भए वमोजिमभूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः–**सुखीपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचिमा उल्लेख भए वमोजिमघर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः–**सुखीपुर नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचिमा उल्लेख भए वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन करः–** सुखीपुर नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचिमा उल्लेख भए वमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

७. **सेवा शुल्क, दस्तुरः–**सुखीपुर नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचिमा उल्लेख भए वमोजिम स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. सरकारी सम्पत्तिको वहाल कर : सुखीपुर नगरपालिकाको स्वामित्व तथा क्षेत्राधिकारभित्र रहेका कठघरा, सटर, घर, जग्गा, पोखरी तथा हाटबजारहरुको ठेक्का बन्दोबस्ती गरी अनुसुचीमा उल्लेख भए बमोजिम तथा नगरपालिकासँग रहेका सवारी साधन तथा मेशिनरी औजारहरु सभाबाट स्वीकृत सञ्चालन निर्देशिका/कार्यविधिमा उल्लेख भए बमोजिम बहालमा लगाउने र असुल उपर गरिनेछ।

९. कर छुटः–यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः– यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि सुखीपुर नगरपालिकाले तोके अनुसार हुने छ ।

११. अनुसुचीमा उल्लेख नभएका हकमा नगरपालिकाले करको दर कायम गरी लागू गर्नेछ ।

# अनुसूची

## क.दस्तुर

| सि.न. | विषय | विवरण | दस्तुर(रू) | कैफियत |
|---|---|---|---|---|
| १ | सिफारिस सम्वन्धी | मोही नामसारी सरजमिन सहित | १००० | |
| | | जग्गा नामसारी सिफारिस सरजमिन सहित | ५०० | |
| | | मोही लगत कटटा सिफारिस सरजमिन सहित | १५०० | |
| | | अपुताली सिफारिस | १००० | |
| | | चार किल्ला सिफारिस | २०० | |
| | | टिकट दस्तुर | १० | |
| | | मधेशी सिफारिस | १५० | |
| | | आय श्रोत प्रमाणित | ३५० | |
| | | अविवाहित सिफरिस | १५० | |
| | | कृषिसंस्था,सहकारी, समुहफर्म दर्ता शुल्क | ५०० | |
| | | संस्था,सहकारी, कृषि फर्म नविकरण शुल्क | ३०० | |
| | | पक्की घर प्रमाणित प्रति तल्ला | ५०० | |
| | | कच्ची घर प्रमाणित | २०० | |
| | | वसोवास प्रमाणित | २०० | |
| | | जन्म ,विवाहित/अविवाहित प्रमाणित | २०० | |
| | | व्यावसायिक प्रमाणपत्र | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | भारतीय वजारवाट समान खरिद गरी ल्याउने सिफारिस | २०० | |
| | | हकभोग,जोतभोग तथा छुट दर्ता सिफारिस | ५०० | |
| | | न्यावसायीक आगलागी सिफारिस | ३०० | |
| | | कच्ची घर टहरामा आगलागी सिफारिस | निशुल्क | |
| | | उपचार सिफारिस | निशुल्क | |
| | | रिक्शा ठेलाको ब्लु वुक दस्तुर | १०० | |
| | | नाम,उमेर थर लगायत संशोधन सिफारिस | २०० | |
| | | नाता प्रमाणित लगायत तिन पुस्ते खुल्ने सिफारिस | २०० | |
| | | न्यावसायिक सिफारिस | ३०० | |
| | | न्यावसायिक सिफारिस सरजमिन सहित | १००० | |
| | | वैंक खाता खोल्ने सिफारिस | ३०० | |
| | | ,सर्कस अनुमती सिफारिस | १००० | |
| | | मुल्याङ्कन दस्तुर प्रति हजारमा | १ | |
| | | घर वाटो सिफारिस | १५० | |
| | | सुर्तीजन्य पदार्थ सिफारिस प्रति वोरा | १०० | |
| | | गाई,गोरू,भैसी आदि वाहिर लैजान सिफारिस प्रति थान | २०० | |
| | | टेलिफोन,खानेपानी,विधुत लाइन जडान सिफारिस | २०० | |
| | | संस्था दर्ता सिफारिस | १००० | |
| | | थ्रि फेज लाइन जडान सिफारिस | २००० | |
| | | रिक्सा ठेला दर्ता,नविकरण तथा नामसारी दस्तुर | २०० | |
| | | नागरिकता सिफारिस | १०० | अपाङ्ग र अति विपननलाई निशुल्क |
| | | नागरिकता सिफारिस सरजमिन सहित | ५५० | |
| | | नागरिकता प्रतिलिपी | १५० | |
| | | न्यक्तीगत घटना दर्ता सिफारिस म्याद नाधेको | १०० | |
| | | लालपुर्जा हराएको सिफारिस | २०० | |
| | | सनाखत सिफारिस | १०० | |
| | | गैर सरकारी संस्था नविकरण सिफारिस | २०० | |
| | | अध्यावदि करण सिफारिस | २०० | |
| | | लेखत तमुसुक प्रमाणित | २०० | |
| | | घरेलु फर्म दर्ता सिफारिस | ५०० | |
| | | घरेलु अन्य सिफारिस | ३०० | |
| | | ग्रेडर भाडा प्रतिदिन | १४००० | चालक भत्ता वाहेक |
| | | ग्रेडर भाडा प्रति घण्टा | २००० | चालक भत्ता वाहेक |
| | | रोलर भाडा प्रति दिन | १०००० | चालक भत्ता वाहेक |
| | | रोलर भाडा प्रति घण्टा | १५०० | चालक भत्ता वाहेक |
| | | ब्याक हो लोडर | १२०० | तेल वाहेक |
| | | मल खाधको सिफारिस | २०० | |
| | | | | |
| सि.न. | विषय | विवरण | दस्तुर(रु) | कैफियत |
| | | अग्रेजीमा जुनसुकै प्रकृतीको सिफारिस | १००० | |
| | | रूख,दाउरा तथा वन सम्वन्धी सिफारिस | १००० | |
| | | चारत्रिक प्रमाणित सिफारिस | २५० | दलित निशुल्क |
| | | कन्सट्रक्सन दर्ता | १०००० | |
| | | कन्सट्रक्सन नविकरण | ५००० | |
| | | कृषि सँग सम्वन्धित सिफारिस | १०० | |

| | | | | |
|---|---|---|---|---|
| | | दुरी सिफारिस | ५०० | |
| | | उजुरी (मुद्धा) दर्ता दस्तुर | ५०० | |
| | | छुट जग्गा दर्ता सिफारिस सरजमिन सहित | १००० | |
| | | ब्यावसायिक वन्द सिफारिस | ५०० | |
| | | पेन्सन पटा सिफारिस स्वदेश | १००० | |
| | | आर्थिक अवस्था कमजोर सिफारिस | २५० | |
| | | पेन्सन पटा सिफारिस विदेश | १५०० | |
| | | विदेशमा मृत्यु भएको हकमा सिफारिस | निशुल्क | |
| | | सवारी साधन दर्ता सिफारिस | ५०० | |
| | | जग्गाधनी प्रमाणपुर्जामा घर कायम सिफारिस | ५०० | |
| | | सर्जमिन दस्तुर | ५०० | |
| | | निजी जग्गाका लागि नापी दस्तुर | १००० | |
| | | न्यायिक दस्तुर ( निवेदन) | ५०० | |
| | | न्यायिक दस्तुर(मिलापत्र दस्तुर) | ७५० | |
| | | अपाङ्गता सिफारिस | निशुल्क | |
| | | अन्य प्रशासनिक सिफारिस | ५०० | |
| | | माथि उल्लेख हुन छुट भएका अन्य सिफारिसहरू | | नगरपालिकाले तोके वमोजिम हुने रू ५०० मा नघटने गरी |
| गाउँ ब्लक सिफारिश दस्तुर | | | | |
| | | क) १ देखी ५ धुर सम्म | २५० | |
| | | ख) ५ देखी १० धुर सम्म | ३५० | |
| | | ग) १० देखी १५ धुर सम्म | ५०० | |
| | | घ) १५ धुर देखी १ कठ्ठा सम्म | ७५० | |
| | | ङ) १ कठ्ठा माथी | प्रति धुर रु २५ थप | |
| २ | निजी शिक्षण संस्था दर्ता तथा अन्य कार्यको लागी गरिने सिफारिस | पुर्व प्राथमिक विधालय | ५००० | |
| | | आधारभुत विधालय | ७००० | |
| | | माध्यमिक विधालय | १०००० | |
| | | क्याम्पस | २५००० | |
| | | प्राविधिक शिक्षण संस्था | १५००० | |
| | | स्तरवृद्धीको लागी सिफारिस प्रति विषय | ३००० | |
| | | कोचिंगसेन्टरदर्ता | ७००० | |
| | | कोचिंगसेन्टरनविकरण | ५००० | |
| ३ | घर नक्शा पास प्रविधिकदस्तुर | १००० वर्ग फुटसम्मको प्रति वर्गफुट | १ | |
| | | १००१-१५०० सम्मको " | ३ | |
| | | १५०१-२५००सम्मको " | ४ | |
| | | २५०१ देखी ४०००सम्मको " | ५ | |
| | | ४००१ भन्दा माथि जतिसुकै भए " | ६ | |
| ४ | घर नक्शा नामसारी दस्तुर | १००० वर्ग फुटसम्मको प्रति वर्गफुट | १० | |
| | | १००१-१५०० सम्मको " | १५ | |
| | | १५०१-२५००सम्मको " | २००० | |
| | | २५०१ देखी ४०००सम्मको " | २५०० | |
| | | ४००१ भन्दा माथि जतिसुकै भए " | ३००० | |
| ५ | घर नक्शा दण्ड जरिवाना | तोकएको समयभित्र सम्पन्न नभए पहिलो एक वर्षको लागी १० प्र. रपुन अर्को वर्षको लागी थप १५ प्र.जरिवाना लागी म्याद थप गर्न सकिनेछ । | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | घर नक्शा सम्वन्धी अन्य दस्तुर | सि.न. ३ वमोजिमको दस्तुर तोकिएको म्याद सम्म नपा गठन हुनु पुर्व निर्मित घरको हकमा अभिलेखांकन हुने र म्याद नाघेमा र भवन आचार सहिता वमोजिम नभए नक्शा पास नहुने र अभिलेखांकन पनि नहुने । | | |
| | | ले आउट दस्तुर | ५०० | |
| सि.न. | विषय | विवरण | दस्तुर(रू) | कैफियत |
| ७ | घर नक्शा सम्वन्धी अन्य दस्तुर | सम्पन्नता प्रमाणपत्र दस्तुर | ७०० | |
| | | घर नक्शा निरीक्षण प्राविधिकप्रतिवेदन | ७०० | |
| | | घर नक्शा आवेदन फाराम दस्तुर | १५० | |
| ८ | प्रतिलिपी दस्तुर | नक्शा पास सम्वन्धी प्रमाणपत्रको प्रतिलिपी | ३०० | |
| | | नक्शाको प्रतिलिपी | ५०० | |
| | | अन्य प्रमाणपत्रको प्रतिलिपी | ३०० | |
| | | रसिदको प्रतिलिपी | | रसिदमा उल्लेखित रकमको५०प्रतिशत |
| | | अन्य कागजातको प्रतिलिपी | रु छ प्रति पाना | संवेदनशिल र गोप्य कागजातको प्रतिलिपी नपाउने |
| ८ | दस्तुरसँग सम्वन्धित कुनै विषय छुटेको भएमा नगरपालिकाले दस्तुर तोकी सेवा प्रवाह गर्न सकिने छ । | | | रू ५०० मा नघटने गरी कार्यको प्रकृती हेरी दर कायम गर्ने |
| ९ | सनाखत सिफारिश दस्तुर | | १५० | |

## ख.कर (पुजिको आधारमा तय गरिएको)

| | | | | |
|---|---|---|---|---|
| १० | ब्यावसाय कर | | | |
| | कपडा पसल,चप्पल जुता, कस्मेटिक,हार्डवेयर,भाडाकुडा | १ देखी ५ लाखसम्म | ५०० | |
| | | ५ लाख १ देखी १५ लाखसम्म | १५०० | |
| | | १५ लाख १ देखी २५ लाखसम्म | ३५०० | |
| | | २५ लाख १ देखी ५० लाखसम्म | ४००० | |
| | | ५० लाख १देखी १ करोडसम्म | ६००० | |
| | | १ करोड भन्दा माथि | ८००० | |
